महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७
हिलिहाङ्ग गाउँपालिका,
पाँचथर

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय

प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७ मिति: २०७७/३/२६
च.नं.५८८

श्री अध्यक्षज्यू,
हिलिहाङ्ग गाउँपालिका ,
गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नम्बर २

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

पत्र संख्याः- २०७६।७७
च.नं. ४४३

मितिः- २०७७।३।२०

श्री अध्यक्षज्यू,
हिलिहाङ्ग गाउँपालिका,
पाँचथर ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले हिलिहाङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२करोड ९५ लाख ६४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२६ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ९९ लाख २२ हजार नियमित गर्नुपर्ने रु.६५ लाख २२ हजार पेश्की बाँकी रु.५ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ४२ (बयालिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँपालिका कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

हिलिहाङ्ग गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिकाअर्न्तगत ७ वटा वडाहरुवाट नागरिकहरुलाई सेवा प्रदान गर्दै आएको छ । गाउँपालिकाले पेश गरेको आर्थिक वर्ष २०७५।७६ को आय व्यय हिसाव देहाय अनुसार छ ।

स्थानीय संचित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम हिलिहाङ्ग गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः

सि.नं.	आय			सि.नं.	व्यय		
		रकम	जम्मा			रकम	जम्मा
१	गत वर्षको जिम्मेवारी			१	**क**) नेपाल सरकार बित्तिय समानीकरण	८३८९३७५३.७	१४०३४६६९५.९
	क) नगद	०.०			ख) सघियराजश्ववाँडफाँड	५०७३१२३३.०	
	ख) पेश्की	०.०			ग) प्रदेशवित्तियसमानीकरणअनुदान	३३३३०००.०	
	ग) वैंक मौज्दात	२७७६०४७८.३	२७७६०४७८.३		घ) प्रदेशराजश्वबाँडफाँड	२३८८७०९.२	
	१. धरौटी			२	नेपाल सरकार सर्सत अनुदान		१३९३८२०९६.५
	२. प्रकोप व्यवस्थापन				सवैको लागि शिक्षा आधारभूत माध्यमिक तह	११२११३३९४.८	
	३. चालु र पूंजीगत रु.				विद्यालय क्षेत्र विकास कार्यक्रम		
२	राजश्व (आन्तरिक आय)				राष्ट्रिा ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम	७६०७०२.०	
	क) आन्तरिक राजश्व	६४३२५७२.७	६४३२५७२.७		कृषि विभाग	५९३०००.०	
३	वित्तिय हस्तारण		२८९०४४४५६.०		कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	११३७७८८.०	
	क)वित्तियसमानीकरणअनुदान	९१००००००.०			वातावरणीय सरसफाई आयोजना	३०५०५३.०	
	ख) सघियराजश्ववाँडफाँड	५०७३१२३३.०			वालकल्याण कार्यक्रम	५२५५०.०	
	ग) समपुरकअनुदान	०.०			महिला विकास कार्यक्रम महिला जागृती कार्यक्रम समेत	१३१५२१.०	
	घ)विषेशअनुदान	०.०			खेलकुद विकास कार्यक्रम	१०००००.०	
	ङ) सशर्तअनुदान				पशु विकास सेवा कार्यंक्रम	८८८०५.०	
	सर्वैको लागि शिक्षा आधारभूत माध्यमिक तह	८६२१२०००.०			माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम		
	विद्यालय क्षेत्र विकास कार्यक्रम	२७३५१०००.०			प्रा.स्वा. सेवा	२१७३५६६७.७	
	राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम	७८३०००.०			एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम		
	कृषि विभाग	५९३०००.०			क्षयरोग नियन्त्रण कार्यक्रम		
	कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	२६४४०००.०			राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना तथा संचार केन्द्र		
	वातावरणीय सरसफाई आयोजना	३१२०००.०			सहकारी खेती साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम	५१९४२४.०	
	वालकल्याण कार्यक्रम	५३०००.०			सामूदायिक तथा कवुलियती वन विकास कार्यक्रम	९९१०३.०	
	महिला विकास कार्यक्रम महिला जागृती कार्यक्रम समेत	५६१०००.०			पशु स्वास्थ्य रोग अन्वेषण तथा क्वारेन्टाईन कार्यक्रम	६४८००.०	
	खेलकुद विकास कार्यक्रम	१०००००.०			पशु सेवा विभाग	८८७०००.०	
	पशु विकास सेवा कार्यक्रम	१३००००.०			समाज कल्इाण कार्यक्रम जेष्ठ नागरिक का. समेत कृषक	९७७७३.०	
	माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम	४५०००.०			कृषक पाठशाला सन्चालन सम्बन्धी कार्यक्रम पशु/कृषि	१९५५१५.०	
	प्रा.स्वा. सेवा	१७३६०२२३.०			आधारभूत स्वास्थ्य केन्द्र	५०००००.०	
	एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम	७०१९०००.०		३	आन्तरिक आय खर्च	३१०९६७४१.३	३१०९६७४१.३
	क्षयरोग नियन्त्रण कार्यक्रम	८२०००.०			लगानी	०.०	
	राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना तथा संचार केन्द्र	९००००.०		४	धरौटी फिर्ता	१३००००.०	१३००००.०

सि.नं.	आय			सि.नं.	व्यय		
		रकम	जम्मा			रकम	जम्मा
	सहकारी खेती साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम	५४००००.०		५	प्रदेश सरकार सशर्त	१३३०९७३०.०	१३३०९७३०.०
					विषयगत निकायवाट प्राप्त रकम		४४०८५५९७.०
	सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम	१०००००.०			क)सामाजीक सुरक्षा	३२०४६६००.०	
	पशु स्वास्थ्य रोग अन्वेषण तथा क्वारेन्टाईन कार्यक्रम	६६०००.०			३) **बहुक्षेत्रीयपोषणकार्यक्रम**	१४०३०००.०	
	पशु सेवा विभाग	८८७०००.०			ञ) **प्रधानमन्त्रीरोगजारकार्यक्रम**	२४६८९५०.०	
	समाज कल्याण कार्यक्रम जेष्ठ नागरिक का. समेत	१३००००.०			घ) प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम	३९९६५०९.०	
	कृषक पाठशाला संचालन सम्बन्धी कार्यक्रम पशु/कृषि	२०००००.०			ङ) स्थानीय पूर्वाधार विकास कार्यक्रम	३८६५५३८.०	
	आधारभूत स्वास्थ्य केन्द्र	२०५५०००.०			च) प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम	३०५०००.०	
३	**प्रदेशवित्तियहस्तान्तरण**		१९५४५८३९.२		खर्च जम्मा		
	क) प्रदेशवित्तियसमानीकरणअनुदान	३३३३०००.०			मौज्दात		
	ख) प्रदेशससर्तअनुदान	१३५०००००.०			क) नगद मौज्दात		
	ग) प्रदेशराजश्ववाँडफाँड	२३८८७०९.२			ख) वैंक मौज्दात		२००३७२१६.०
	घ) समपुरकअनुदान	०.०			१. संचित कोष सिभिल बैंक गोपेटार	१९४६५०८४	
	ङ) विशेषअनुदान	०.०			२. सिभिल वैंक गोपेटार धरौटी खर्च खाता	३६७१३२.०	
४	अन्तरस्थानीयतहबाटप्राप्ती	३२४१३०.०			३) हिलिहाङ महोत्सव सहयोग	२०५०००.०	
५	ग) वित्तिय व्यवस्था प्राप्ती	०.०			वैंक जम्मा		
६	विभिनन कोष तर्फको आय	०.०			फिर्ता		५३६४७९.५
७	जनसहभागिता नगद (कृषि तर्फवाट)	३२८३३७.०	३२८३३७.०		वैकिङ सेवा शुल्क	५४०.०	
८	विषयगत निकासावाट प्राप्त रकम		४४९०४०००.०		गत आ.व.को वेरुजू जम्मा	५३५९३९.५	
	क)सामाजीक सुरक्षा	३२६२६०००.०			पेश्की		
	३) **बहुक्षेत्रीयपोषणकार्यक्रम**	१४०३०००.०			संघिय सरकार सशर्त अनुदान	०.०	
	ञ) **प्रधानमन्त्रीरोगजारकार्यक्रम**	२५७०००००.०			संघिय समानीकरण अनुदान	०.०	
	घ) प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम	४००००००.०			प्रदेश सरकार सशर्त अनुदान	०.०	
	ङ) स्थानीय पूर्वाधार विकास कार्यक्रम	४००००००.०			संघिय सरकार सांसद विकास कोष	०.०	
	च) प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम	३०५०००.०					
	धरौटी रकम	९०८८७३.०	९०८८७३.०				
	लगानी साँवा फिर्ता	०.०	०.०				
	अन्य विविध आय	०.०	०.०				
	जम्मा:	३८८९२४५५६.१	३८८९२४५५६.१			३८८९२४५५६.१	३८८९२४५५६.१

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	लेखापरीक्षणको मसौदा प्रतिवेदन उपलब्ध गराएपछि अग्रिमकर कट्टा गरी दाखिला नगरेको रु.५,१७,८२९।-, प्रदेश सरकार निकासा फिर्ता रु.१,१७,५३१।- र संघिय सरकार निकासा फिर्ता नगरेको बांकी रु.३०,६७,८३१।- समेत जम्मा रु.३७,०३,१९१।- वैक दाखिला भएको प्रमाण पेश भएको छ ।	
१.	**<u>आर्थिक विवरण</u>**	
	गाउँपालिकाले यसवर्ष गतवर्षको बाँकी मौज्दात, संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, निशर्त अनुदान र विभिन्न विषयगत निकायबाट प्राप्त रकम समेत रु.३८,८९,२४,५५६।१० आयव्यय विवरण तयार गरेकोछ । यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्नानुसार छन् ।	
१.१.	**एकिकृत आर्थिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानी तहले कारोवारको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले महालेखा नियन्त्रकको कार्यलयले लेखा प्रणलीलाई एकरुपता गराउने उद्धेश्यले निशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उक्त सफ्टवेयरको प्रयोग गरेको देखिएन । नेपाल सरकारको सार्वजनिक खर्च लेखामानदण्ड (NPSAS) अनुसार लेखा विवरण सहितको आर्थिक विवरणहरु तयार गरेको छैन । सफ्टवेयर प्रयोग गरी बिद्युतीय लेखा प्रणली अपनाई सार्वजनिक खर्च लेखामानदण्ड अनुसार वित्तिय विवरण तयार गर्नुपर्दछ ।	
१.२.	**मौज्दातः** गतवर्षको लेखापरीक्षणबाट अन्तिम मौज्दात रु.२,७२,२४,५३८।८४ कायम गरेकोमा सो आर्थिक वर्षको फिर्ता गर्न बाँकी रु.५,३५,९३९।५० सञ्चित कोष फिर्ता गर्ने हिसाव गणना नगरेको कारण फरक परेकोले यस आर्थिक वर्षमा बेरुजु खातामा दाखिला गरेको उक्त रकम समेत रु.२,७७,६०,४७८।३० मौज्दातमा अ.ल्या. देखाई बेरुजु खर्च जनाएको छ । यसवर्ष धरौटी र महोत्सवको खाता बाहेक रु.१,९४,६५,०८४।- देखाएकोमा खुद बैक मौज्दात रु.२,७७,६०,४७८।३० रहेको छ । यसवर्षको कर तथा फिर्ता खर्च रु.६२,५०,४६४।- लाई कूल मौज्दातमा देखाई सो रकमलाई २०७६।७७ मा खर्च जनाएकोले वैंक मौज्दात रु.१,३७,८६,७५२।४१ रहेकोमा कर फिर्ता रकम समेत बांकी रु.२,००,३७,२१६।- वैंक मौज्दात कायम गरेको छ ।	
१.३.	**अन्तर स्थानीय निकायबाट प्राप्तिः** कृषिका एकगाँउ एक प्राविधिक कार्यक्रमको तलव खर्च भुलवश याङवरक गाउँपालिकालाई निकासा भएकोले उक्त गाउँपालिकाबाट रकम ट्रान्सफर गरेको आम्दानीलाई अन्तरनिकाय आम्दानीमा देखाइएको छ ।	
१.४.	**पेस्कीः** एकिकृत विवरणमा देखाइएको खर्च मध्ये प्रदेश सशर्त अनुदानतर्फरु.७२,९४,७७५।- विद्यालय पूर्वाधार क्षेत्र विकास कार्यक्रम तर्फ रु.७६,६०,०००।- र स्वास्थ्य केन्द्र निर्माण पेस्की रु.५,००,०००।- एकिकृत विवरणमा नदेखाई कूल खर्चमा समावेश गरेको छ ।	
१.५.	**कोष खाताः** गतवर्ष संचालन गरेको वडागत खाता, हिलिहाङ्ग महोत्सव खाता, नेपाल बैक लिमिटेड धरौटी खाता (रु.३,२४,१६८।-) समेतको मौज्दात चालु खर्च खाताको बैक मौज्दातमा समावेश छ । मौज्दात एकिकृत गरी अनावश्यक कोष खाता बन्द गर्ने तथा नेपाल बैकको धरौटी खाता र सिभिल बैकको धरौटी खातालाई एकिकृत गरी एकल धरौटी खाता संचालन गर्नुपर्दछ । विविध कोष (आकस्मिक र विपद व्यवस्थापन), कर्मचारी कल्याण कोष खाता संचालन गरेता पनि उक्त कोषहरुमा वजेट व्यवस्था नभई शुन्य मौज्दात रहेको विवरण पेश भएको छ ।	
२.	**स्थानीय तथ्याङ्क र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन एवं प्रोफाईल तयार गरेको छैन । स्थानीय तहका हरेक क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राखी तथ्य र तथ्याङ्कका आधारमा नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले ध्यान दिनुपर्दछ ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा निम्न व्यहोराहरु देखिएकोले आन्तरिक नियन्त्रण प्रणलीमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । • कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन, • परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन, • बजेटले जनताको माग सम्बोधनगर्न सार्वजनिक सुनुवाई भएको छैन, • योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खर्चको पारदर्शीता हुनगरी खर्च गर्ने गरेको छैन, • चौमासिक खर्च सन्तुलन पालना नगरी खर्च गरेको छ । • जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन, • दफा २७ अनुसार भवन निर्माण अनुमति कार्यान्वयन गरेको छैन, • अभिलेखीकरण गरिएका सम्पत्तिको सङ्केतीकरण गरेको छैन । • योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन, • निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन, • आयोजनाको प्रगति गुणस्तरिय देखिदैन, • अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन, • करको दायरा पहिचान भएको छैन, • मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन, • बैंक समायोजन विवरण तयार गरेको छैन, • प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन, • राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,	
४.	**लेखा स्रेस्ता:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि अग्रिमकर कट्टा गरी भुक्तानी गरेकोमा कर खर्च लेखांकन गरी वैंक क्रेडिट नगरी तेरिज खडा गरी आर्थिक वर्षको अन्त्यमा रकम जम्मा गर्ने गरेको, जिन्सी खाता, बैक नगदी किताव, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, रकमगत खर्चको शिर्षक खुलाई खर्चको फांटवारी (म.ले.प.फा.नं.१३) तयार गर्ने नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको, एकभन्दा बढी कार्यक्रमका	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, कार्यक्रमको अनुगमनको प्रमाण संलग्न गर्ने नगरेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । यसमा कार्यालय प्रमुखले ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्दछ ।

५. **जनशक्तिः** गाउँ कार्यपालिकाले लेखापरीक्षणलाई स्वीकृत दरवन्दी र पदपूर्तिको अवस्थाका सम्बन्धमा खुलाई विवरण पेश भएन । तर यो वर्ष स्थायी र करार कर्मचारी समेतलाई रु.१,२५,२५,२३०।- र परामर्श सेवावाट रु.५,००,०००।- खर्च गरेको छ ।

६. **न्याय सम्पादनः** यस वर्ष १६ उजुरी दर्ता भई १३ मेलमिलापवाट फछ्र्यौट भई टुङ्गीएको र २ उजुरीलाई माथिल्लो निकायमा पठाएको १ उजुरी प्रक्रियामा रहेको विवरण प्राप्त भएको छ ।

७. **सेवा प्रवाहः** गाउंपालिकावाट लेखापरीक्षणलाई प्राप्त यस वर्षको सेवा प्रवाह सम्बन्धी विवरणवाट निम्नानुसार देखिएको छ ।

विवरण	सेवा प्राप्तीको लागि निवेदन संख्या	शिफारिश संख्या
नागकिता शिफारिस	६३०	४९०
घरवाटो शिफारिस	२२१	२१०
नाता प्रमाणीत	२८२	२२७
जन्ममृत्यु दर्ता	१०१७	१०१७
वसाई सराई जाने	४४४	४५४
वसाई सरि आउने	५१	५१
विवाह दर्ता	३२९ जोडी	३०७ जोडी
सम्बन्ध विच्छेद	८ जोडी	४ जोडी

८. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.१ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार हिलिहाङ्ग गाउँ कार्यपालिकाले देहाय बमोजिम रु. ४८,९४,४००।- सुविधा वापत भुक्तानी भएको छ ।

सि. नं.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २२ जना	जम्मा
१	मासिक सुविधा		२४०००				२४०००
२	सञ्चार सुविधा (मासिक दरमा)	३००००	३००००	१६८०००	७२०००	२६४०००	५६४०००
३	बैठक भत्ता (बैठक संख्याको आधारमा)	३००००	२६४००	५०४०००	४३२०००	५२८०००	१५२०४००
४	खाजा भत्ता (मासिक)	४८०००	३६०००	८४०००	०	०	१६८०००
५	पुस्तक पत्रपत्रिका (मासिक)	३६०००	३००००	१२६०००	१०८०००	१३२०००	४३२०००
६	अनुगमन भत्ता (मासिक)	७२०००	५४०००	१२६०००	०	२६४०००	५१६०००
७	खानेपानी, बिजुली महसुल (मासिक)	१८०००	१२०००	८४०००	०	०	११४०००
८	सरसफाई, मर्मत (मासिक)	२४०००	२४०००	०	०	०	४८०००
९	अतिथि सत्कार (मासिक)	२४०००	२४०००	८४०००	०	०	१३२०००
१०	यातायात खर्च (मासिक)	०	६००००	१६८०००	१४४०००	२६४०००	६३६०००
११	चाडपर्व	२००००	२००००	१४००००	१२००००	४४००००	७४००००
१२	गा.पा.को निर्णयवाट दिएको अन्य सुविधा	०	०	०	०	०	०
	जम्मा:						४८९४४००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

८.१. आयकर ऐन, २०५८ मा पारिश्रमिक सुविधा पाउने व्यक्ति वार्षिक आय गणना गरी भुक्तानी गर्दाको वखतनै अग्रिम रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले पदाधिकारीहरुलाई सुविधा वापतको रकम भत्ताको दरवाट नगदै रुपमा उपलव्ध गराएकोमा ऐनको व्यवस्था वमोजिम लाग्ने कर एकिन र गणना गरी भुक्तानी गर्नुपर्नेमा वैठक भत्ता तथा केही भत्ता रकममा अग्रिम कर कट्टा गरेतापनि अन्य नगदमा लिएका सवै सुविधालाई वार्षिक आयमा समावेश गरी गणना नगरेकोले भत्ता भुक्तानी सम्बन्धमा पुन एकिन गरी ऐनको व्यवस्था अनुसार गर्नुपर्दछ ।

सामाजिक सुरक्षा कार्यक्रम

९. **व्यवस्थापन सूचना प्रणालीः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ६ वमोजिम सामाजिक सुरक्षा तर्फको रकम भुक्तानी गर्नु अगावै लाभग्राहीको विवरण प्रविष्ट गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहकोनै हुने गरी तोकिएको छ । परिच्छेद ६(२०) मा परिचय पत्र व्यवस्थित गर्ने र (२१) लाभग्राहीको विवरण एम.आई.एसमा प्रविष्ट नभई कुनैपनि स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वापतको रकम निकासा प्राप्त हुने छैन भन्ने व्यवस्था छ । परिच्छेद ७(२२) ले मन्त्रालयको स्वीकृती विना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ । तर यस गाउँपालिकामा हालसम्म सामाजिक सुरक्षा भत्ता वैंक मार्फत भुक्तानी नगरेको र लाभग्राहीको सूची नमूना परिक्षण गर्दा निम्नानुसार देखिएको छ ।

९.१. गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण नगरी वडा सचिवलाई पेश्की दिई फछ्र्यौट गर्ने गरेकोमा वडा नं. २ र ३ का सचिवले वितरण गरी बांकी रहेको रकम रु.५,७९,४००।- गाउँपालिकाको वैंक खातामा फिर्ता गरी पेश्की फछ्र्यौट गरेकोमा लेखापरीक्षणको मस्यौदा प्रतिवेदन पछि उक्त रकम केन्द्रिय खातामा फिर्ता गरेको छ ।

९.२. गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भत्ता पाउने र परिचयपत्र पाई सकेका लाभग्राहीहरुको एकिकृत अभिलेख खडा गरी सोही अनुसार प्रत्येक वडाको विवरण अद्यावधिक नगराई सम्बन्धित वडाहरुको विवरणको आधारमा प्रत्येक वडाहरुको छुट्टा छुट्टै एम.आई.एस प्रिन्ट गर्दै सोही आधारमा भत्ता रकम वितरण गर्ने गरेको पाइयो । नमूना परिक्षणवाट निम्नानुसारका वडाहरुमा एकै लाभग्राहीको नाममा एक भन्दा वढी परिचय पत्र समेत तयार भएको देखिएको छ ।

वडा नं.	लाभग्राहीको नाम	जन्म मिति	परिचयपत्र नम्वर	कैफियत
५	समिक्षा महरा	२०७४/५/७	२०७४।०६।०७०४२६२	
		२०७४/६/७	२०७४/०५/०७००६६८	वावुको नाम खाली राखेको ।
५	अनिसा वयलकोटी	२०७५/६/१०	२०७५/०६१००३९९२	
	अनिसा वयाकोटी	२०७५/६/१०	२०७५/०६१००१३३५	
५	सुहाना लकान्द्री	२०७२/११/०२	२०७२/११/०२०१५११	
			२०७२/११/०३००३४७	
२	गोमादेवी माझी	२०२०/०७/०९	२०२०/०७/०९००४३२	
			२०२०/०७/०९००४२४	
			२०२०/०७/०९००४४३	

९.३. सामाजिक सुरक्षा संचालन निर्देशिकाको नियम १६ ले भत्ता वितरण सम्बन्धमा व्यवस्था गरी स्थानीयतहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेवाट दोश्रो हप्ता

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	भित्र, दोश्रो चौमासिक माघको १ गतेवाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेष्ट १ गतेवाट दोश्रो हप्ताभित्र वितरण गरी सक्नुपर्ने व्यवस्था छ । भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाइ मात्र वितरण गर्नुपर्ने वा निजको नाममा खुलेको वैंक खातामा जम्मा गरी दिनुपर्ने, अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा वितरण गर्ने र रकम वुझ्ने दुवैलाई कारवाही हुने व्यवस्था छ । भत्ता पाइरहेको व्यक्तिको मृत्यु भएमा मृत्यु भएको महिनासम्मको भत्ता मृतकको नजिकको हकदारलाई भुक्तानी दिन र रातोकार्ड प्राप्त पूर्ण अपाङ्गको भत्ता इच्छाईएको संरक्षकलाई र वालवालिकाको नामको रकम निजको आमा, वुवा वा अभिभावकलाई वुझाउनु पर्नेछ भन्ने व्यवस्था छ । नमूना परिक्षणवाट गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वडा सचिवलाई नगदनै पेश्की दिई वितरण गर्ने र पेश्की फछ्र्यौट गर्ने गरेकोमा सम्वन्धित वडासचिवहरुले पेश्की फछ्र्यौटका लागि गाउँपालिकामा पेश गरेको भरपाईमा मृत्यु जनाएका लाभग्राहीको बांकी रकम हकवालाको नाम नामेसी र प्रमाण समावेश नगरी ल्याप्चेवाट भुक्तानी दिएको, वालवालिकाको रकम अभिभावकको नामनै नराखी ल्याप्चेको आधारमा पेश्की फछ्र्यौट गर्ने गरेको पाइयो । उपरोक्त अवस्थाले कार्यक्रम संचालन कार्यविधिले तोके वमोजिमको आधार पुरा भएको मान्ने अवस्था देखिएन । लेखापरीक्षणको क्रममा पेश्की फछ्र्यौटको फांटवारीवाट निम्नानुसार कैफियत देखिएको ।	

वडा नं.	लाभग्राहीको नाम	कैफियत	भुक्तानी रकम
५	समिक्षा महरा	तेस्रो चौमासिकको सुरक्षा भत्ता एकै नाम दोहोरो भएकोमा दुवै भरपाईमा ल्याप्चेवाट खर्च दावी	१६००.००
५	अनिषा वयाकोटी	भरपाईमा दोहोरो परेको उल्लेख भएतापनि जोड जम्मामा समावेश गरेको	१६००.००
५	सुहाना लोकान्द्री	पहिलो चौमासिकमा दोहोरो नाम उल्लेख गरी भुक्तानी नगरेकोमा दोश्रो र तेस्रो चौमासिकको भरपाईमा क्रमशः ३१८ र ३१९, सि.नं.३२२ र ३२३ मा एउटै नामवाट दुर्व तर्फको रकम ल्याप्चेवाट भुक्तानी	३२००.००

९.४.	उपरोक्त अनुसार भरपाईमा ल्याप्चेवाट गणना गरी वढी फछ्र्यौट गरेको रु.६,४००।- एकिन गरी असुल गर्नुपर्ने रु-	६४००.००
९.५.	वडा नं. २ का नरमायां तामाङ्गको नामको रकमलाई तेस्रो चौमासिकमा फिर्ता देखाई भुक्तानी नगरेकोमा पहिलो र दोश्रो चौमासिकमा पुरै भुक्तानी भएकोमा सोको प्रमाण संलग्न नरहेको रु-	१६०००.००
१०.	वडा नं. ७ का लाभग्राही अभिकेशर रिजाललाई २०७५।८।२ मा मृत्यु उल्लेख भएकोमा २०७५।१२।२४ मा मात्र दोश्रो चौमासिकको रकम रु.२,०००।- वितरण गर्दा ल्याप्चेवाट भुक्तानी देखाएकोले अघिल्लो मितिमा मृत्यु भैसकेका लाभग्राहीलाई पछिल्लो मितिमा रकम वुझाएको ल्याप्चे भरपाई समावेश गरी वढी पेश्की फछ्र्यौटमा वढी दावी गरेको असुल हुनुपर्ने रु-	२०००.००
११.	वडा नं. ७ का लाभग्राही वुधमायां राईको २०७५।११।७ मा मृत्यु भएको उल्लेख भएकोमा उक्त चौमासिकको पुरै भुक्तानी ल्याप्चे भरपाईवाट पेश्की फछ्र्यौट माग गरेकोमा निजको नजिकको हकवालाई वुझाएको प्रमाण वेगर वढी खर्च देखाई पेश्की फछ्र्यौट गरेको रु-	८०००.००
१२.	वडा नं. ७ को सि.नं. १३६ का विर वहादुर नेम्वाङको नाममा तेस्रो चौमासिक पुरै निकासा दिएकोमा निजको नाम प्रथम चौमासिक वडा नं. ६ मा रहेको र २०७५ भाद्र २४ मा वसाई सराईको लगत कट्टा गरेकोमा उक्त वडामा रु.४,०००।- र वडा नं. ७ मा पुन दर्ताको अभिलेख वेगर रु.८,०००।- भुक्तानी गरेकोले दुवै वडाको पेश्की रकम एकिन गरी वढी देखिएमा असुल हुनुपर्दछ रु-	८०००.००
	उपरोक्तानुसारको अवस्थाले गाउँपालिकावाट विभिन्न वडाका लाभग्राहीलाई भुक्तानी	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	दिएको रकमका सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार एम.आई.एस अद्यावधिक नभएको देखिएको र लेखापरीक्षणवाट नमूना छनौटको आधारमा परिक्षण गरिएकोले बांकी वडाहरुको समेत गाउँपालिकावाटै पुन छानवीन गरी यस वर्ष वितरण गरेको खर्चको सम्बन्धमा एकिन हुनुपर्दछ ।	
	प्रदेश सरकार तर्फ	
१३.	**काममा दोहोरोपनाः** स्थानीय तहले संचालन गर्ने योजना तथा निर्माण सम्बन्धी कार्य गर्दा उक्त योजना अन्य निकाय वा संघिय तथा प्रदेशतहवाट समेत संचालन भए नभएको एकिन गरेर मात्र योजना स्वीकृत गरी काममा दोहोरोपना नहुने गरी निर्माण सम्बन्धी कार्य गराउनु पर्दछ । गाउंपालिकालाई यो वर्ष सल्लेरी-सुभाङ-पंचमी सडकको स्तरोन्नतीको कार्य गर्ने गरी प्रदेश सरकारवाट रु.१,३५,००,०००।- कार्यक्रम र वजेट निकासा भएको छ । उक्त सडकको स्तरोन्नतीको कार्य गर्न ०+०००-१०+००० सम्मको कार्य गराउन गाउंपालिकाले रु.१,१६,३८,४६४।०८ को लागत अनुमान एकतह माथीको अधिकारी (गा.पा. अध्यक्षवाट) स्वीकृत गरिएको पाइयो । ठेक्का आव्हान हुंदा उक्त कार्य रु.५८,४३,६८५।९६ (५५.५२ प्रतिशत घटी) ठेक्का वन्दोवस्त गरेको यो निर्माण कार्यमा देखिएका अन्य व्यहोराहरुः	
१३.१.	साविकमा संचालनमा रहेको यो सडकको DPR वेगरनै गाउंपालिकाले सडक चौडा गर्ने कामको लागि लागत अनुमान स्वीकृत गरेकोमा पूर्वाधार विकास कार्यालय फिदिमले समेत यसैवर्ष १०+०००-१३+५०० सम्मको क्षेत्रको छुट्टै लागत इष्टिमेट तयार गरी सडकको सवै प्रकारको माटो कटिङको कार्य परिमाणलाई प्रति घ.मि.८२.४४ का दरले र फिलिङको १५९.४६ दर कायम गरी रु.१७९।४५ कायम गरी रु.४४,९८,५७२।४६ को छुट्टै लागत अनुमान स्वीकृत गरी ठेक्का वन्दोवस्त र संचालन गरेको छ।	
१३.२.	गाउंपालिकाले २०७६।१।२६ मा ठेक्का सम्झौता गरी २०७६।३।२४ सम्मको अवधिमा कार्य गराई २०७६।३।२५ मा फाइनल विल तयार गर्दा ०+०००-९+९०० सम्मको क्षेत्रमा मात्र कार्य गराएको र ५५० मिटर क्षेत्रमा चौडाइ गर्ने कार्य छाडेको र ५० मी क्षेत्र घटी काम गरेको छ । यो सडक खण्डको २०७६।५।१५ मा स्थलगत निरीक्षण गर्दा ९+५५० पछिको क्षेत्रमा अर्को सहायक सडक निर्माणको समेत कार्य गराएको र पूर्वाधार विकास कार्यालयले गराएको कामको शुरु चेनेज र गाउंपालिकाले काम शुरु गर्न शुरु गरेको चेनेज विचमै सहायक सडक समेत निर्माण कार्य गराई भुक्तानी गरेको देखिएको छ ।	
१३.३.	गाउंपालिकाले शुरु ठेक्कावाट वचत भएको रकमवाट पुन उपभोक्ता समिति मार्फत कार्य गराउने गरी ०+०००-३+५५० सम्मको क्षेत्रमा सडक स्तरोन्नतीको कार्य गर्ने प्याकेज तयार गरी उपभोक्ता समितिसंग माटो कटिङ र संरचना समेतको आइटम राखी रु.८७,५१,१६२।- को लागत अनुमान स्वीकृत गरी सो मध्ये उपभोक्ताको माटो कटिङ तर्फको कामको हुने रु.७२,९४,७७५।- उपभोक्ता समितिको वैंक खातामा पठाई वैंक खाता रोक्का गरेको छ ।	७२९४७७५.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	उपभोक्ता समितिवाट कार्य गराउने गरी सम्झौता गर्ने तर कामको नापजांच र परिमाण तथा सम्पन्न कामको नापी र विल स्वीकृत नगरी बैंक खातामा रकम निकासा पठाई राख्ने कार्यले कामको अवस्था परिमाण र भुक्तानी गर्नुपर्ने रकम समेत एकिन नभएको खर्च रु-	
१३.४.	साविकमा संचालन रहेका सडकहरुको Back cutting समेत काम र संरचना निर्माण कार्य गराउँदै खर्च गर्नु अगावै सडकको DPR नगरी खर्च गराउने, सडकको कूल लमवाई समेत एकिन नगरी दुई निकायवाट अलग अलग ठेक्का पट्टा संचालन गर्ने, एकै अवधि भित्र एउटै चेनेजलाई दोहोर्याई (स्पष्ट स्थान नदेखाई) ठेक्कापट्टा र उपभोक्ता समितिवाट कार्य गराउने कामको नापजांच नै नगरी उपभोक्ता समितिको खातामा रकम निकासा दिई रोक्का गर्ने कार्य भएको देखियो । यो सडक खण्डमा स्थलगत निरीक्षणको क्रममा उपभोक्ता तर्फको सडकमा नालि सहितको आइटम रहेकोमा नाली खन्ने काम नभएको, सडकको ग्रेड र लुप मिलान नभएको तथा पूर्वाधार कार्यक्रम तर्फवाट निर्माण गरिएको खण्डमा प्रोटेक्सनवालको काम नभई कार्यहरु गरेको माथिल्लो भागवाट जमिन पहिरो खस्ने क्रम शुरु भएको, फिलिङको आइटम रहेकोमा फिलिङ कार्य उपयुक्त ढंगवाट नगरी छाडिएको सडकको दुवै क्षेत्रको विचवाट सिचाईको कुलो रहेकोमा कूलोको पानीलाई क्रसिंङ नगरेको कारण खनिएको सडक र फिलिङ माटो वगाई यातायात समेत संचालनमा कठिनाई देखिएको सडकको तल्लो भाग पानीले कटान गर्दै किसानको खेत तर्फ वगाएको छ । यस सम्बन्धमा गाउंपालिका तथा पूर्वाधार विकास कार्यालयले चेनेज ओभरल्याप गरी कार्य गराए नगराएको पुन एकिन र छानवीन गर्नुपर्दछ । 	
१३.५.	**निर्माण कार्यको विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख रुपैंया भन्दा वढीको निर्माण कार्य गराउंदा निर्माणस्थल सुम्पीएको मिति देखि त्रुटी सच्याउने अवधिसम्मको वीमा गराउनु पर्ने व्यवस्था छ । यो निर्माण कार्य गर्न नियुक्त निर्माण व्यवसायी चेम्जोङ निर्माण सेवाले खरिद सम्झौताको BOQ मा वीमाको व्यवस्था सहित सम्झौता गरेकोमा कामको वीमा नगराई फाईनल विल स्वीकृत गरी भुक्तानी गरेको छ । खरिद सम्झौताको शर्त अनुसारका सर्व कार्य गराएर मात्र भुक्तानी गर्नुपर्दछ ।	
१३.६.	१०-२०७६।३।११ वाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा २०७६।२।१५ देखि संशोधन भै मू.अ.कर नियमावली २०५३ को एक्काईसौ संशोधनले ठेक्का वा करार अर्न्तगतको भुक्तानी गर्दा विक्रेताले जारी गरेको विजकमा उल्लेखित मू.अ.कर वापतको रकमको ५० प्रतिशत भुक्तानी गर्ने कार्यालयले कट्टी गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी चेम्जोङ कन्स्ट्रक्सनलाई भुक्तानी गर्दा मू.अ.कर वापत रु.६,६०,६६५।८९ को ५० प्रतिशतले हुने रु.३,३०,३३३।२९ कट्टा गरी दाखिला गरेको नपाइएकोले निर्माण व्यवसायीले पुरै भुक्तानी लिएको मू.अ.कर सम्बन्धित महिना (२०७६ आषाढ नन्फाइलर देखिएको) को कर विवरणमा समावेश गरी दाखिला गरेको समायोजन प्रमाण पेश हुनुपर्ने रु-	३३०३३३.२९
१४.	**नियमको व्यवस्थाको पालना स्थितिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिसंग कार्य गराउने व्यवस्था छ । नियम ९७(९) मा उपभोक्ता समितिवाट	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	संचालित हुने निर्माण कार्यमा डोजर प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरी प्रतिवन्धात्मक वाक्यांशमा तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख रहेछ भन्ने सम्बन्धित प्राविधिकको सिफारिस कार्यालयको सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था गरेको छ । गाउंपालिकाले विभिन्न सडकहरुको ट्र्याक खन्ने र स्तरोन्नतीको कार्य गराउने लागत अनुमान तयार गर्दा जिल्ला दररेट समितिले स्वीकृत गरेको मेशिनवाट माटो काट्ने कामको दरवाट (प्रति घ.मि) स्वीकृत गर्ने गरेको र उपभोक्ता समितिले काम पाएपछि मेशिन प्रयोग गर्नुपर्ने निवेदन दिने र प्राविधिकले समेत मेशिन भाडामा लिने सम्झौता गरेको प्रमाण साथ विल माग गर्ने गरेको देखिएको छ । भाडामा लिएको एक्साभेटरले गरेको कामको अवधि र सो अवधिमा गरिएको कटिङको कार्य परिमाण नखुलाई इष्टिमेटमा रहेको परिमाण र दरवाटै विल तयार गर्ने र भुक्तानी हुने गरेको छ । नियममा भएको व्यवस्थाको पूर्ण पालना नगरी इष्टिमेट तयार गर्दानै मेशिनवाट कटिङ कार्यको दररेट विश्लेषण गरेको र उपभोक्ताले मेशिन लगाउने स्वीकृती माग गर्दा मेशिनको क्षमता नखुलाई (जे.सि.वि को क्षमता अनुसार फरक पर्ने) एकमुष्ट स्वीकृत दिई मेशिनवाट माटो काट्ने काम भै रहेको र सोको भुक्तानी लागत इष्टिमेटमा रहेको जिल्लादरवाटै हुने गरेको छ । मेशिनको क्षमता अनुसार माटो काट्ने कामको परिमाण र लाग्ने समय पनि फरक हुने अवस्थामा उपभोक्तालाई मेशिन प्रयोग गर्न स्वीकृती दिनु अगावै दर विश्लेषण वेगर कटिङ कार्यमा भै रहेको भुक्तानी सम्बन्धमा स्थानीयतहले समेत तुलनात्मक अध्ययन गरेर मात्र काम गराउनु पर्दछ ।	
	<u>संघिय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम</u>	
१५.	२०७६।३।२५ वाट कोपिले-कुटीडांडा मोटरवाटोमा स्तरोन्नती गर्ने (६ मी चौडाईमा) कामको निम्नानुसार लागत अनुमान (०+०००-१+९५० सम्म) स्वीकृत गरी उक्त कार्य उपभोक्ता समिति मार्फत गराई भुक्तानी गरेको छ । <table><tr><th>कामको विवरण</th><th>परिमाण</th></tr><tr><td>नरम माटो काट्ने काम</td><td>१४००३ घ.मी</td></tr><tr><td>कडा माटो काट्ने काम</td><td>-</td></tr><tr><td>नरम चट्टान काट्ने काम</td><td>-</td></tr><tr><td>कडा चट्टान माटो काट्ने काम</td><td>२८५.७९</td></tr></table>	
१५.१.	उक्त सडकमा काम गर्न मेशिन लगाउन समितिले स्वीकृती माग गरी कार्यालयले मेशिन संचालनको स्वीकृती दिएको र उपभोक्ता समितिको कामको नापजांच गरी विल तयार गर्दा निम्नानुसार नापजांच गरी भुक्तानी दिएकोछ । <table><tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>विल रकम</th></tr><tr><td>नरम माटो काट्ने</td><td>१४००३.८१</td><td>८५.००</td><td>११९०३२३.००</td></tr><tr><td>कडा चट्टान काट्ने</td><td>२८५.७९</td><td>२१४.००</td><td>६११५९.००</td></tr><tr><td>नालिको माटो काट्ने</td><td>-</td><td>-</td><td>१३०९९६.३९</td></tr><tr><td></td><td></td><td></td><td>१३८२४७८.३९</td></tr></table>	
१५.२.	यो सडकको यसैवर्ष DPR समेत गराई स्वीकृत गरेकोमा DPR तयार भै सकेपछि सोही वमोजिमको कामको परिमाणको आधारमा मात्र काम गराउनु पर्नेमा ०+०००-१+९५० सम्मको क्षेत्रमा DPR अनुसार नरम माटो कटिङ परिमाण १२८०९.०५ घ.मि रहेकोमा उपभोक्ता समितिलाई सोही क्षेत्रमा नरम माटोको कार्य परिमाण १४००३.८१ घ.मी को गराई वढी भुक्तानी दिएको रु-	१०८२९०.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
१६.	२०७६।१।३१ मूल्य अभिवृद्धि कर नियमावलीको नियम ४ मा परामर्शदाता न्यू प्लानेट इन्जिनियरिङलाई सडकको DPR तयारी कार्यको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर वापत रु.९१,९८१।- समेत थप गरी भुक्तानी गरेकोमा ५० प्रतिशतले हुने मू.अ.कर रकम कट्टा गरी दाखिला गरेको नपाइएको र पुरै रकम भुक्तानी दिएकोले उक्त रकम सम्बन्धित महिनाको विवरणमा समावेश गरी मू.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु-	४८९९०.००
१७.	**परामर्श सेवाको काममा गाउंपालिकावाट भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्झौता वमोजिम भएको कामको भुक्तानी गर्दा सम्पन्न भएको कामको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउंपालिकाको आवधिक योजना तयारी गर्ने कार्य गर्न २०७५।११।२८ को वैठकमा निर्णय गरेको आधारमा जनशक्ति, कार्यालय व्यवस्था, संचार, अर्न्तक्रिया आदी आइटमवाट ल.ई रु.१५,९२,१७०।- को लागत अनुमान स्वीकृत गरी परामर्शदातावाट गराउने गरी RFP तयार गरी सोको आधारवाट परामर्शदाता प्रस्ताव माग गरेकोमा परामर्शदाताले प्रस्ताव पेश गर्दा लागत अनुमान अनुसार जनशक्तिको लागत, फिल्ड कार्य, मसलन्द, भ्रमण खर्च संचार तथा अन्तरक्रिया र छलफल समेतका शिर्षकमा रकम उल्लेख नगरी एकमुष्ट वित्तिय प्रस्ताव गरेको छ । छनौट भएको परामर्शदाताको एकमुष्ट रकम भित्रै समावेश भएको वर्कसप मध्ये ३ दिने गोष्ठि अर्न्तक्रिया कार्यक्रमको संचालन परामर्शदाताले गरेपनि कार्यालयले सो कार्यमा भत्ता वितरण गर्न रु.६७,५००।- खर्च गरेको छ । परामर्शदाताले पेश गरेको ड्राफ्ट रिपोर्टमा आफ्नो राय सुझाव दिने पदाधिकारीको दायित्व भित्रकै कार्यमा थप भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएको अनियमित रु-	६७५००.००
१७.१.	११५-२०७६।३।३१ वाट परामर्शदाता न्यू प्लानेटलाई कामको भुक्तानी गर्दा मू.अ.कर वापत रु.१,८३,१७०।- समेत थप भुक्तानी गरेकोमा मू.अ.कर नियमावलीको एक्काईसौ संशोधन वमोजिम ५० प्रतिशत रकम कट्टा गरी भुक्तानी गर्नुपर्नेमा पुरै मू.अ.कर रकम भुक्तानी दिएकोले २०७६ आषाढ महिनाको विवरणमा समावेश गरी उक्त रकम वुझाएको समायोजन प्रमाण पेश हुनुपर्ने रु-	९१५८५.००
१७.२.	गाउँपालिकाले वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी कार्य गर्न रु.५,००,०००।- को लागत अनुमान स्वीकृत गरी परामर्शदाता न्यू प्लानेटसंग सम्झौता गरी कार्य गराएकोमा परामर्शदाताले पेश गरेको प्रतिवेदनमा प्रस्तावित उत्खनन् क्षेत्रमा र साइड मध्ये (GPS) अवस्थितिसम्म उल्लेख गरेको तर ५ वटा क्षेत्रमा वालुवा र गिटी, ढुंगा, वालुवा मात्र उल्लेख गरेको छ । ढुंगा, वालुवा, गिट्टीको अनुमानित परिमाण नछुट्याएको तथा गाउंपालिकाले रुख कटान गर्ने शिफारिस वापत राजश्व असुली गरिएको देखिएकोमा रुख कटान सम्बन्धी वातावरणीय प्रभाव मूल्यांकनमा समेटिएको पाइएन । यो वर्ष विभिन्न वडाहरुवाट रुख कटान शिफारिस वापत ४ वटा वडाहरुवाट ३७६० रुख कटानवाट रु.१,६३,५५०।- राजश्व प्राप्त भएको विवरण पेश भएको छ । वातावरणीय प्रभावको मूल्यांकन कार्य परामर्शदाता नियुक्ति गर्नु अगावै सवै स्रोत पहिचानको एकिन गरी कार्य क्षेत्रगत शर्त तयार गर्नु पर्दछ ।	
१८.	**स्वीकृत डिजायन र थप लगानी:** गतविगत वर्ष देखि गाउंपालिका भित्र निर्माण गरिने विद्यालय भवनहरुको डिजाईन जिल्ला शिक्षा समन्वय इकाईले स्वीकृत गरेको आधारमा गर्ने गरी उक्त इकाईवाट समेत विद्यालयमा रकम निकासा दिई खर्च हुने गरेको छ। सिरजंग मा.वि. गोपेटारमा २ कक्षा कोठा निर्माण गर्ने कार्यक्रममा शिक्षा समन्वय इकाईले रु.१६,००,०००।- उपलब्ध	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	गराएकोमा गाउंपालिकाले समेत सोही विद्यालयमा रु.१३,२०,०००।- तथा विद्यालयको रु.५,२५,०००।- व्यहोर्ने गरी भवनको इष्टिमेट रु.३९,०२,५०५।- स्वीकृत गरेको पाइयो । गाउंपालिकाले यो वर्ष रु.१५,०४,४५४।९३ को रनिङ विल तयार गरी सो मध्ये गाउंपालिकावाट दिइएको रु.१३,२०,०००।- को फछ्र्यौट समेत गराएको छ । छुट्टा छुट्टै निकायवाट एकै काममा रकम लगानी गरेको र उपभोक्ता समितिवाट काम गराई कामको रनिङ्ग विल तयार गर्दै एक निकायको रकम र श्रमदान पुरा गरेको देखाउने तर सवै निकायको खर्च समावेश नगरी विल तयार गर्दै भुक्तानी गरेकोले निर्माण कार्य स्वीकृत डिजाईन अनुसार तोकिएको लागत भित्र गुणस्तरीय र भूकम्प प्रतिरोधी भए नभएको एकिन गर्न सकिएन । निकासा भएको सवै रकमवाट काम पुरा गरे नगरेको अनुगमन गरी बांकी कार्य समेत पुरा गराउनु पर्दछ ।	
१९.	**DPR वेगर सडक निर्माण गरी खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यस सम्बनधी स्पेसिफिकेशन, योजना, नक्सा, डिजाईन लगायतका विवरण तयार गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले सडक निर्माणका योजना र कार्य गराउनु अघि सडकको DPR तयार गराई स्वीकृत गर्ने गरेको पाइएन । वजेटमा योजनाको लागि रकम छुट्याएपछि सो योजनामा एक पटक भन्दा वढी थप रकम जुटाउंदै सडक निर्माणका कामलाई टुक्रा टुक्रा गरी उपभोक्ता समितिवाटै कार्य गराउंदै खर्च हुने गरेको पाइयो । नमूना परिक्षणवाट वडा नं. ३ स्थिति गोपेटार-आगेजुङ सडक योजनामा विभिन्न श्रोतवाट रु.८०,००,०००।- खर्च गरेको छ । यो वर्ष यस योजनामा निम्नानुसार श्रोत कायम गरेको पाईयो । गाउंपालिका समानिकरण रु २५,००,०००।- संघिय सांसद पूर्वाधार विकास कार्यक्रम रु २०,००,०००।- समपुरक कोष (गांपालिका) रु २०,००,०००।- योजनाहरुको वचतवाट रकमान्तर रु १५,००,०००।- उपरोक्तानुसारको श्रोतवाट सडक निर्माण कार्य गराउन ०+०००-२+८८०, २+८८०-५+६३०, ५+५९०-६+४३० का छुट्टा छुट्टै प्याकेज तयार गरी खर्च गरेको पाइयो ।	
२०.	**निर्माण कार्यको इष्टिमेट र नापी कार्यः** गाउंपालिकाले सडक निर्माण कार्य गराउनु अघि निर्माण गरिने सडकको विस्तृत योजना प्रतिवेदन DPR नगराई सडकको ट्र्याक खोल्ने कार्यको डिजाईन समेत स्वीकृत नगरी माटोको वर्गिकरण गरी नरममाटो, कडामाटो, नरम चट्टान र कडा चट्टान काट्नुपर्ने आंकलन गरी परिमाण इष्टिमेट तयार गर्ने गरेको छ । यो सडकको ५+५९०-६+४३० मा ७० प्रतिशत BMS र ३० प्रतिशत HR कायम गरेको पाइयो । कार्य परिमाणलाई जिल्ला दररेट समितिले तोकेको मेशिनवाट कार्य गराउने दरको आधारमा प्रति घ.मि. दरवाट प्याकेजको लागत अनुमान स्वीकृत गर्ने गरेको छ । एकै सडकको काममा प्याकेज पिच्छे माटोको वर्गिकरण फरक फरक देखाई लागत अनुमान स्वीकृत गर्दै खर्च हुने गरेको छ । उपभोक्ता समितिसंग सम्झौता गर्नासाथ मेशिन संचालन स्वीकृती दिई मेशिनवाटै काम गराई उपभोक्ता समितिले विभिन्न निर्माण कम्पनीलाई भरपाईको आधारमा भाडा वुझाएको प्रमाण समावेश गरी विल भुक्तानी गर्ने गरेको पाइयो । यो वर्ष ५+५९०-६+४३० क्षेत्रमा उपभोक्ता समितिसंग २०७६।२।१८ मा भाडा सम्झौता गरी विजक वेगर निर्माण व्यवसायीलाई भरपाईको आधारमा रु.१७,३०,०१८।२२ रकम दावी गरेको आधारमा गाउंपालिकाले कार्य सम्पन्न तयार गरी विल	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	भुक्तानी गरेको छ ।	
२०.१.	प्राविधिकले सडक खन्ने कार्यको नापी (ट्याक खन्ने) ५०/५० मिटरको चेनेज कायम गरेको आधारमा X सेक्सनवाट गणना गरी माटो परिमाण कायम गर्ने गरेको पाइयो । चेनेज २+८८०-५+६३० को एक प्याकेजको काम गराएकोमा ५+५९०-६+४३० को अर्को प्याकेजको काम नापजांच गरी भुक्तानी गरेकोले चेनेज दोहोरो गरी भुक्तानी गरेको रु.८,५६०।- असुल गर्नुपर्दछ रु-	८५६०.००
२०.२.	DPRस्वीकृत नगरी सडक खन्ने कार्यको माटो कटिङमा कडा चट्टानको परिमाण कायम गरेको तथा डिजाईन वेगर सडक वनाउदै खर्च गर्ने गरेकोले निर्माण गरिएका सडकहरु नेपाल सडक स्ट्याण्डर्ड अनुसार भएको मान्ने आधार देखिएन । भौगर्भिक अध्ययन र विस्तृत नापजांच पछि मात्र माटोको परिमाण र वर्गिकरण गर्न सकिनेमा सो अनुसार नगरीसडक निर्माणमा खर्च हुने गरेको यो अवस्थामा तत्काल सुधार गरेर मात्र कार्य गर्नुपर्दछ ।	
	<u>प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम</u>	
२१.	**योजना छनौट र लगानीः** प्रदेश सभा सांसदले छनौट गरेका योजनाहरुमा खर्च गरिने यो कार्यक्रमवाट गाउंपालिका अर्न्तगतको साम्रेमा खेल मैदान योजनामा रु.३०,००,०००।- खर्च गरेको पाइयो । प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम २०७६।१।२३ मा योजना छनौट गरी पठाएको र खेल मैदान वनाउने कार्य उपभोक्ता समिति मार्फत गराउने निर्णय गरी रु.३४,५६,००७।९७ लागत अनुमान स्वीकृत गरी सोमा २० प्रतिशत जनसहभागिता रहने गरी योजनाको लागत अनुमान स्वीकृत गरेको पाइयो । यो खेल मैदानको योजना छनौट गर्दा २ कि.मि टाढा रहेको साम्रे आधारभूत विद्यालयको नामवाट साम्रे आधारभूत विद्यालय खेल मैदान राखी स्वीकृती गरिएको छ । कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने उक्त विद्यालयमा ४७ जना मात्र विद्यार्थी रहेका र हाल निर्माण गरिएको खेल मैदानमा जाने आउने वाटो नरहेको, भिरालो चट्टानयुक्त जग्गा र नापी कितावमा देखाईए अनुसार ८७.९९ प्रतिशत कडा चट्टान काटी खेल मैदान तयार गरिएको छ । निर्माणाधिन सडकको तल्लो भागमा रहेको यो खेल मैदानको माथिल्लो भागमा वन्दै गरेको सडकको कटिङ गरेको ढुंगा माटो समेत फालिएको अवस्थामा छ । खेल मैदानको २०७५।५।१५ मा स्थलगत निरीक्षण गर्दा देखिएको अवस्थाः 	
२१.१.	यो खेल मैदानको लागत अनुमान तयार गर्दा मेशिनवाट कार्य गराउने दररेट विश्लेषण सहित लागत अनुमान स्वीकृत गरेको छ। विद्यालय व्यवस्थापन समिति वाहेकका उपभोक्ता समितिसंग सम्झौता पछि समितिले मेशिन प्रयोग गर्न निवेदन दिएकोमा कार्यालयले प्राविधिक शिफारिसमा मेशिन प्रयोग गर्न स्वीकृत दिएको छ । उपभोक्ता समितिले २०७६।१।१३ मा २२०PCएक्साभेटर वकेट रु.६,२००।- र व्रेकर रु.७,२००।- का दरले प्रयोग गर्ने गरी चितवन कन्स्ट्क्सन प्रा.लि. ललितपुरको PAN BILL वाट रु.३४,५७,७००।- को कामको विजक पेश गरेको पाइयो ।	
२१.२.	कामको इष्टिमेट तयार गर्दा माटो कटिङको मात्र परिमाण राखी निम्नानुसार स्वीकृत गरेको छ।	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

	OS	BMS	SR	HR	जम्मा परिमाण
परिमाण	६८९.०१	८६२.७६	५१४.६८	१५१४४.४५	१७२१०.९०
प्रतिशत	४%	५.०१	२.९९	८७.९९	०
कार्य गराई नापी गर्दा	६८९.९२	८५५.७४	५१८.३०	१५१४५.५३	१७२०९.२०

२१.३. यो निर्माण कार्यको २०७६।२।३० मा उपाध्यक्षको अध्यक्षतामा रहेको अनुगमन समितिले अनुगमन समेत गरी कामको भुक्तानी गरिएको छ । आधारभूत विद्यालयवाट २ कि.मि टाढा ८७.९९ प्रतिशत कडा चट्टान (HR) कटिङ गरी खेल मैदानमा पुग्ने वाटो समेत नरहेको, उक्त स्थानमा ३/४ घरमात्र रहेको र भिरालो जमिनमा कुनै घेरावार वेगर तयार गरिएको खेल मैदानमा खेलकुंद गतिविधि संचालन हुने र योजनाको उद्देश्य अनुरुप प्रतिफल प्राप्त हुन सक्ने अवस्था नदेखिएकोले यस्तो योजना छनौट गरी मेशिनवाट माटो मात्र काट्ने कार्य गराई निर्माण व्यवसायीको विलवाट कामको मूल्यांकन गरी दिएको भुक्तानी गर्नाले उचित योजना छनौट, खरिद नियमावलीको पालना भै सेवा प्रवाहको प्रभावकारीतामा खर्च भएको मान्न नसकिएको रु- ३०००००.००

२२. **काममा सुधार वेगर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितिले लिएको कामको प्राविधिक सल्लाह दिने, नापजांच गर्ने, जांचपास गर्ने र सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणको कार्य गर्नुपर्ने व्यवस्था छ । श्री चम्पा मोटर वाटो स्तरोन्नतीको कार्य गर्न प्रदेश निर्वाचन पूर्वाधान कार्यक्रमवाट रु.१०,००,०००।- स्वीकृत गरी गाउंपालिका वडा नं. ४ मा गाउंपालिका समेतवाट रकम थप गरी निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको यो योजनाको अनुगमन समितिले लागत अनुमान भन्दा वढी लम्वाई रहेको, लागत इष्टिमेट भन्दा अधिकतम स्पानमा सडकको चौडाई कम गरेको, नालिको चौडाई नपुगेको, कजवे चौडाई नपुग्ने समेतको प्रतिवेदन दिएकोमा उक्त सडक काममा प्रतिवेदन पछि निर्माण कामको सुधार नगराई भुक्तानी दिएको कार्यले कामको गुणस्तर एकिन नभएकोले पुन समितिले प्रतिवेदन अनुसार डिजाईन र लागत अनुमान अनुसार कार्य पुरा भएको प्रमाण पेश हुनुपर्ने रु- १०००००.००

२३. **उपभोक्ता समितिबाट भएको कामको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) ख बमोजिम उपभोक्ता समितिबाट लिएको कामको डिजाइन गर्ने, आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउने, कामको सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्ने कार्य सम्बन्धित सार्वजनिक निकायको हुने व्यवस्था छ । गाउँपालिकाको वडा नं.७ अन्तर्गत पर्ने यलम्बर मन्दिर छानो निर्माण योजनाको लागत अनुमान रु.२,३२,७७८।- रहेकोमा गाउँपालिकाबाट रु.२ लाख व्यहोर्नेगरी २०७६।०१।२२ मा उपभोक्ता समिति अध्यक्ष श्री टेकनाथ राईसंग २०७६ आषाढ मसान्त भित्र कार्य सम्पन्न गर्नेगरी संभौता भएको छ । उपभोक्ता समितिले गरेको उक्त निर्माण कार्यको २०७६।०३।१५ मा वडा स्तरिय र २०७६।०३।२० मा गाउँपालिका स्तरिय अनुगमन समितिबाट कामको अनुगमन गरी योजना सम्पन्न गरेको आधारमा २०७६।०३।३० मा रु.१,९४,५७९।१५ भुक्तानी गरेको पाइयो । निर्माण कार्यको २०७६।०५।१६ मा स्थलगत निरिक्षण गर्दा मन्दिरको छानो निम्न अवस्थामा रहेको पाइयो ।

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

लेखापरीक्षण डोरले योजना सम्पन्न नहुदै सबै संरचान भत्केको सम्बन्धमा जानकारी माग गर्दा उक्त निर्माण कार्यको ढलानबाट फर्मा छुटाउने क्रममा पुरै संरचना भत्किएर २ जनाको घटनास्थल मै मृत्यू भएको जानकारी प्राप्त भएको छ । स्थलगत निरिक्षण गर्दा आरसिसि पिलरमाथि ढलान गर्दा राख्नुपर्ने रडलाई बिम तथा पिलर जोडाई गर्ने प्रविधिको ज्ञानबेगर नै अत्यन्त कम गुणस्तरको सिमेन्ट तथा कंक्रिटको कार्य गराएको देखियो । गाउँपालिकामा इन्जिनियर-१ र सवइन्जिनियर ३ जना रहेकोमा उपभोक्ता समितिले गर्ने कामको ड्रइङ्ग, डिजाइन स्वीकृत तथा प्राविधिक सेवा समयमै नगरेको र अनुगमन समितिले समेत कामको अवस्थालाई उचित ढंगबाट अनुगमन प्रतिवेदन नगर्नाले कामको गुणस्तर समेत नभई नागरिकको ज्यान जानेगरी योजनामा लगानी गरी खर्च गरेकोले यस्तो कार्यमा संलग्नलाई जिम्मेवार बनाइनु पर्ने रु- १९४५७९.१५

२४. **फरक दररेटवाट वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत अनुमान तयार गर्ने सम्बन्धी व्यवस्था गरेको छ । नियम १०(७) मा लागत अनुमान तयार गर्दा अनुसूची १ को ढांचामा गर्नुपर्ने गरी तोकिदिएको छ । अनुसूचीको सो व्यवस्था अनुसार निर्माण काममा प्रयोग हुने सामाग्रीहरुको दररेट विश्लेषण गर्दा स्वीकृत जिल्ला दररेट वा स्थानीयतहले तोकिदिएको दरवाट गणना गरिएको लागतवाट कायम भएको दरवाट निस्किएको मूल्यमा मूल्य अभिवृद्धि कर थप गरी कूल लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको लागत अनुमान तयार गर्दा सिमेन्ट, डण्डी, जस्तापाता लगायतका वाह्य सामाग्रीको मूल्यमै १३ प्रतिशतका दरले मू.अ.कर रकम थप गरी दररेट विश्लेषणवाट आईटमको दर कायम गरेको पाइयो । योजनाहरुको लागत अनुमान सोही दरवाटै गणना गरी सोझै उपभोक्ता समितिलाई दिई काम गराई भुक्तानी गरेको छ । उपभोक्ता समितिहरुको कामको भुक्तानी गर्दा तयार गरिएका विलमा केही उपभोक्ता समिति प्यान विल मात्र पेश गरेको, केहिले प्यान, भ्याट विजकनै समावेश नगरेको सा खपत सामाग्री भन्दा घटी मूल्यको मात्र कर विजक समावेश गर्ने गरेका तर कार्यालयले इष्टिमेट वरावरकै कामको नापी गरी विल तयार गरेको, नापी घटी भएकोमा स्थानीय सामाग्री वा (खन्ने पुर्ने काम) मा घटी रहेको समेत देखिएको अवस्थाले नपाउने मूल्य अभिवृद्धिकर रकम वढी भुक्तानी गरेको देखिएको छ। नमूना परीक्षणवाट निम्नानुसारका कामको भुक्तानीमा देहाय अनुसार मूल्य अभिवृद्धि कर राखी लागत अनुमान स्वीकृत गर्नाले प्रति घ.मि. र के.जीमा निम्नानुसार वढी दरमा उपभोक्तालाई भुक्तानी गरेको पाइयो ।

आइटमवाईज कामको विवरण	मू.अ.कर वाहेकको दर (प्रति घ.मि)	मू.अ.कर सहितको दर	फरक (प्रति घ.मि र के.जी)	कैफियत
आर.सि.सि. १:१.५:३	१६५७५.५०	१७६८३.००	११०७.५०	
१:२:४ पि.सि.सि.	११५२३.८०	१२०३६.००	५१२०२०	
आर.आर मेशिनरी १/४	१०५०६.२०	१०८८६.६३	३८०.४३	
फलामे डण्डी (के.जी.मा)	१०२.४१	११३.१९	१०.७८	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

पि.सि.सि १:३:६	११६००.६०	१२२७६.७६	६७६.१६	

उपरोक्तानुसारको अवस्थाले कामको लागत अनुमान तयार गर्दा दररेटमा मू.अ.कर समेत थप गरी स्वीकृत गर्ने र सोही दरवाट कामको विल तयार गर्दै भुक्तानी गर्नाले मूल्य अभिवृद्धिकर विजक पेश नगर्ने, मू.अ.कर वेगरको विजक पेश गर्ने, घटी दरको मात्र विजक पेश गर्ने उपभोक्ता समितिलाई समेत वढी रकम भुक्तानी गरेकोले यस वर्ष भुक्तानी गरिएका अन्य सवै योजनाहरुमा वढी दिएको रकम एकिन गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा जोरपोखरी ग्रामिण विद्युत सहकारी भवन निर्माणमा मात्र रु.१,२३,५५५।८९ वढी लागत भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु- १२३५५५.८९

२५. **वजेट र कार्यक्रम वेगरेको भुक्तानीः** स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीयतहले गाउंसभावाट वार्षिक वजेट तथा नीति र कार्यक्रम सहित योजनामा वजेट विनियोजन गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । गाउं कार्यपालिकाले गाउंसभावाट पारित योजनाहरुमा रकम वचत भएको देखाई रकमान्तर गरी विभिन्न नयां कार्यक्रम र योजनामा खर्च गरेको पाइयो । वडा नं. ३ मा आगेजुङ चिया उत्पादन तथा प्रशोधन सहकारी संस्थालाई कोठा थप गर्ने कार्यको लागि रु.६,५०,०००।- निकासा दिई खर्च गरेकोमा सहकारीसंस्थालाई भौतिक पूर्वाधार निर्माण गर्ने कार्यको लागि रकम विनियोजन गर्ने गाउँपालिकाको नीति र कार्यक्रम वेगर नै कामको कूल इष्टिमेट समेत स्वीकृत नगरी खर्च गरेको रु- ६५००००.००

२५.१. गाउंपालिकाले वडा कार्यालयहरुमा समेत मेशिनरी औजार खरिद कार्यको लागि वजेट निकासा गर्ने गरेको र वडाहरुवाट खरिद गरिएका जिन्सी मालसामान र मेशिनरी औजार खरिदको विल गाउंपालिकामा पठाई भुक्तानी गर्ने गरेकोमा वडा नं. ३ ले २०७५।८।२० मा खरिद गरेको प्रिन्टर तथा प्लाष्टिक कुर्सी र ग्यांस चुल्हो लगायतमा रु.३४,३००।- मूल्यका मालसामान जिन्सी दाखिला नभएको रु- ३४३००.००

२५.२. २०७६।३।३० वाट गोपेटार वजारमा फोहर व्यवस्था कार्यक्रमको लागि सुरज स्टोर्सको प्लाष्टिक ड्रम विक्री विल तथा डण्डी खरिदको विल समावेश गरी २०७५।१०।२२ को वडास्तरीय वैठकको निर्णय राखी रु.१,५०,०००।- उक्त स्टोर्सलाई भुक्तानी गरेकोमा सामाग्री वितरण तथा कार्यक्रम संचालनको सम्पन्न प्रतिवेदन तयार गरेको नपाइएको र कार्यक्रमको अनुगमन प्रतिवेदन वेगरको खर्च एकिन गर्न नसकिएको रु- १५००००.००

२६. **महंगो दर तर्फको आइटममा वढी परिमाण राखी भुक्तानीः** गाउंपालिकाले सडक निर्माण कार्य गराउनु अघि सडकको DPR तयार नगरेकोमा उपभोक्ता समितिलाई दिएको सडक निर्माण कार्यको इष्टिमेटमा रहेको माटो कटिङको वर्गिकरणको परिमाणलाई विल तयार गर्दा फरक गरी ढुंगा मिसिएको माटो र नरम चट्टान काट्ने भनी भुक्तानी गर्ने गरेको पाइएको छ । नमूना परिक्षणमा भालुखोप-सिमलवोटे मोटरवाटो ट्याक खोल्ने कामको लागत अनुमानमा स्वीकृत परिमाण र काम नापजांच परिमाण निम्नानुसार देखियो ।

	चेनेज	जम्मा परिमाण	OS	BMS	SR	HR
इष्टिमेटमा	०+०००-०+६५०	४९७५.५० घ.मी	२२३.८६	५८३.३१	११५.९१	४०५२.०८
नापी अनुसार		४५७०.५६	४४८.८६	६०६.५७	२८१.४१	२२३३.७२

उपरोक्तानुसारको कामको लागत अनुमान स्वीकृती गरी सोझै उपभोक्तासंग सम्झौता गरी कार्यादेश दिएको र उपभोक्ता समितिले मेशिन प्रयोग गर्ने स्वीकृती माग गरेको र मेशिनवाट माटो कटिङ स्वीकृती दिई उपभोक्ता समितिले एक्साभेटर भाडामा लिई कटिङ गराएको कार्यको नापजांच गरी विल तयार गर्दा इष्टिमेटमा दिएको बाटोको वर्गिकरण भन्दा

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	फरक गरी महंगो दर BMSरSR तर्फ वढी परिमाण राखी वढी भुक्तानी गरेको छ । कामको नापजांच गरी विल तयार गर्दा मेशिनवाट कटिङ्ग गरेको क्षेत्रमा माटोको परिमाण फरक गरी भुक्तानी गरेकोले पुन नापजांच गरी एकिन र प्रमाण पेश हुनुपर्दछ ।	
२६.१.	सोही सडकमा ०+०००-०+६०० सम्मको कार्य गराई उपभोक्ता समितिलाई भुक्तानी गरिसकेपछि पुन ०-६५०-१+१०० सम्मको कामको छुट्टै लागत अनुमान स्वीकृत गरी सोही उपभोक्ता समितिसंग कार्य गर्ने सम्झौता गरी पुन रु.३,८४,०९६।६७ को थप कार्य गराई गाउंसभावाट स्वीकृत नभएको योजनामा खर्च गरेको रु-	३८४०९६.६७
२६.२.	**एकै योजनामा कामको ल.ई दर फरक गरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम निर्माण कार्य गराउंदा काम गरिने स्पान निश्चित गरी दररेट विश्लेषण गरी कामको आइटम दर तयार गर्नुपर्ने र लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले पिडडांडा ठाढे हाइङ्को मोटरवाटो निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समितिवाट कार्य गराउने सम्झौता गरी कामको नापजांच र विल तयार गर्दा निम्नानुसार फरक गरेको छ ।	

चेनेज	कामको विवरण	दर	इष्टिमेट रकम		खुद कामको विल तयार गर्दा		रकम
			परिमाण	रकम	परिमाण	दर	
०+०००-०+६५०	वाटो चौडा मोड तथा घुम्ती सुधार	१९५.३३	५९०८.६०	११५४१०२.९०	४८७९.७५	१९४.७२	९५०१८७.५७
	ढुंगा सोलिङ गर्ने काम	-	-	-	४८.०	४३०५.००	२०६६४०.००
	नयां ट्याक खन्ने काम ढुंगाको सोलिङ्ग गर्ने कार्य	१२३.४१	१३०७९.७५	१६१४२१४.४७	७३३६.८५	१७७.६८	१३०३६३०.२२
					७२	४३०५	३०९९६०.००
							२७७०४१७.७९

२६.३.	उपरोक्तानुसार एकै सडक खण्डमा उपभोक्तावाट गराउने कामको दररेट (माटो कटिङ) फरक गरेको र ट्याक खोल्ने कामको कटिङको इष्टिमेट प्रति घ.मी दर १२३.४१ रहेकोमा काम गराई विल तयार गर्दा उक्त दर रु.१७७.६८ को दरवाट मूल्यांकन गरी वढी दरवाट भुक्तानी गरेको रु.३,९८,१७०।८४ असुल हुनुपर्दछ रु-	३९८१७०.८४
२६.४.	योजनाको काममा लागत अनुमान तयार गरी स्वीकृत गर्दा ढुंगाको सोलिङको कार्य नभएकोमा संशोधित लागत अनुमान स्वीकृत नगरी कामको विल तयार गर्दा दुवै प्याकेजमा इष्टिमेटमा नभएको ढुंगाको सोलिङको कामको नापजांच गरी विल तयार गर्ने साइड इन्जिनियर प्राविधिकलाई जिम्मेवार वनाई सो स्थानमा सोलिङ कार्य गरे नगरेको सो समेतको एकिन गर्नुपर्दछ । इष्टिमेट र कामको परिमाणको सम्झौता वेगर वढी भुक्तानी दिएको रु-	५१५९४६.००

चेनेज	ढुंगाको सोलिङको भुक्तानी
०+०००-०+६५०	२०६६४०.००
नयां ट्याक खोल्ने कार्य	३०९३०९.००

२७.	**सशर्त वजेट कार्यान्वयन स्थितिः** गाउंपालिकालाई संघिय सरकारवाट प्राप्त सशर्त रकम तोकिएको कार्य सम्पन्न गरी वर्षान्तमा बांकी रहेमा केन्द्रिय सरकार खातामा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य मन्त्रालयवाट प्राप्त वडा नं.७ मा निर्माण गरिने सल्लेरी स्वास्थ्य केन्द्रको लागि रु.३६,९३,११५।६२ को लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हकान गरेकोमा रु.२७,९८,५८०।४१ मा जन्मेजय निर्माण सेवाको वोलपत्र स्वीकृत गरी २०७६।२।२९ मा सम्झौता गरी कार्यादेश दिएको छ ।	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
२७.१.	सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम पेश्की जमानतको म्याद ठेक्का अवधिभरको हुनुपर्नेमा निर्माण व्यवसायीले पेश्की माग गर्दा पेश गरेको पेश्की जमानतको अवधि १५ नोभेम्वर २०१९ सम्मको मात्र रहेको पाइयो । आर्थिक वर्षको अन्त्यसम्म पेश्की फछ्र्यौट नभएको रु-	५००००० .००
२८.	**लागत साझेदारी कार्यक्रमको भुक्तानीः** स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानीयतहले कार्य संचालन गर्न नियमावली तथा कार्यविधि पारित गरी लागू गर्न सक्ने व्यवस्था छ। गाउंपालिकाले लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने कार्यविधि स्वीकृत गरी लागु गरेको पाइएन । वडास्तरीय वजेट तथा कार्यक्रमवाट वडा नं. ५ (भौ.नं.१-२०७५।१०।२४) ले हिमाली चिया उत्पादक सहकारी संस्थालाई मेशिन खरिदको फोटोकपि विजक पेश गरेको आधारमा रु.५,००,०००।- निकासा दिई खर्च गरेको छ । सहकारी संस्थाले पेश गरेको विवरण अनुसार मेशिन खरिद गर्न उन्नती संस्थावाट रु.५,००,०००।- समेत प्राप्त हुने आधार देखाएकोले संस्था र गाउंपालिका वीच रकम व्यहोर्ने सम्झौता तथा लागत साझेदारी नीति वेगर मेशिनको कूल लागत इष्टिमेट स्वीकृत नभई वडास्तरिय कार्यक्रममा समावेश गरी भुक्तानी दिएको खर्च एकिन गर्न नसकिएको रु-	५००००० .००

२८.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३)(ख) मा उपभोक्ता समितिले पाएको कामको गुणस्तर नियन्त्रण र सुपरिवेक्षणको दायित्व सार्वजनिक निकायको हुने व्यवस्था छ । भौ.नं.१९-२०७६।२।२१ मा गुरासे-लायङवा-गुरुङछाप सडक स्तरोन्नती गर्दा माटो काट्ने कार्यमा नालीको माटो मानिसवाट कटिङ गर्ने कामको समेत परिमाण राखी उपभोक्ता समितिलाई निम्नानुसार कार्य गर्न रु.१३,८२,७४७।८४ मा सम्झौता भएको छ ।

चेनेज	कामको विवरण इष्टिमेट वमोजिम		सम्झौता रकम
०+०००-२+५००	१२८५६.६२ घ.मी	माटोको परिमाण मध्ये ६१० घ.मी नालिको माटो मानिसद्धारा माटो कटिङ्ग कार्य	१३८२७४७.८४

यो चेनेजको कामको नापजांच गरी विल तयार गर्दा मानिसद्धारा नालिको माटो काट्ने काम ६१० घ.मी मध्ये ४५० घ.मी काम गराई प्याकेजको फाइनल गरेको छ । कामको फाईनल गरेपछि सोही सडकमा पुन २०७५।१२।१ मा रु.५,७६,१४८।- को काम गर्न लागत अनुमान तयार गरेको र अघिल्लो समितिले काम नगरेको नालिको माटो खन्ने कामको ८९.१० घ.मी समेत २४७.५३ घ.मि को कटिङको कार्य गराई रकम भुक्तानी गरेको छ । एक पटक उपभोक्ता समितिलाई छाडीएको काम मध्ये केही काम गराउने र केही काम नगराई छाडेको र छाडिएको कामको लागि पुन काम टुक्रयाई खर्च गर्नाले कामको दोहोरो भए नभएको एकिन गर्नुपर्दछ । सम्झौता अनुसार गुणस्तर नियन्त्रण कार्यान्वयनमा ध्यान नदिई कार्य गराई भुक्तानी गरेको रु- ५७६१४०.००

२९. **कन्टिन्जेन्सी खर्चः** गाउँ कार्यपालिकाले गाउँसभावाट पारित नीति तथा कार्यक्रम र वजेटको आधारमा खर्च गर्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐनले गरेको छ । गाउँपालिकाले स्वीकृत गरेको योजना तथा संघिय सरकार र प्रदेश सरकारवाट स्वीकृत योजनाहरुको निकासा रकमवाट कट्टी गरी लिएको कन्टिन्जेन्सी रकमवाट गरिने खर्चको कार्यक्रम स्वीकृत हुने गरेको पाइएन । कार्यालयले निर्माण कार्यको कन्टिन्जेन्सी वापत कट्टी गरेको रकमवाट वडा नं. ७ सल्लेरीमा दिप वोर्डिङ सर्भेक्षणको कार्य गराई रु.२,५०,०००।- खर्च गरेकोमा उक्त कार्य पाथीभरा वोरिङ्ग एण्ड कन्स्ट्क्सनलाई २ वटा ERIसर्भेक्षण रिपोर्टको कार्य गराएको उल्लेख भएकोमा सर्वेक्षण कामको लागत अनुमान स्वीकृती, समझौता र कार्यादेश लेखापरीक्षणमा पेश नभएको २५००००.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	खर्च रु-	
३०.	११-२०७६।३।२६ वाट विभिन्न वडाका वडा सचिवहरुले मालसामान समेत खरिद गरेको विल वा विभिन्न पार्टीहरुलाई भुक्तानी गरेकोमा भुक्तानी रकममा अग्रिमकर कट्टी नगरेको रु-	७९६.५०
	<u>समानिकरण चालु तर्फ</u>	
३१.	**ढुवानी अनुदानः** गाउंपालिकाले वडा नं. १, ३ र ६ मा गाईपालक कृषकहरुलाई गाई खरिद गरी ल्याएको भरपाईको आधारमा गाई ढुवानी (प्रति गाई रु.२०,०००।-) अनुदान दिने गरी कार्यक्रम संचालन गरी यो वर्ष रु.३,००,०००।- ढुवानी अनुदान खर्च गरेको छ । गाउंपालिकाले गाई खरीद ढुवानी सम्बन्धी कार्यविधि स्वीकृत नगरेकोले एकै वडा भित्र, वडा वाहिरवाट, छिमेकी गा.पा.वाट तथा झापा, इलाम समेतका स्थानवाट गाई खरिद गरी ल्याउने सवैलाई समान रुपमा रु.२०,०००।- प्रति गाईको दरवाट रकम भुक्तानी गरेकोले निश्चित उद्देश्य अनुसारको अनुदान रकम अनुदान दिंदा दुरी समेतको आधारका लागतलाई विश्लेषण गरी कार्यविधि स्वीकृत गराएर मात्र अनुदान वितरण गर्नुपर्दछ ।	
३२.	७-२०७५।१२।८ वाट वासुदेव काफ्लेले पशु विमा वापतको रकम लिई कृषकलाई वुझाएको मध्ये रु.१,०००।- को वीमालेख समावेश नभएको रु-	१०००.००
३३.	५-२०७५।१२।४ गाडी नं. १३७९ लाई दमक देखि हिलिहाङ्गसम्म फ्रिज, कन्टेनर ढुवानी वापत रु.८,०००।- र पशुपति औषधीवाट डिफ्रिज खरिद फिदिमवाट हिलिहाङ्गसम्मको ढुवानी वापत रु.१०,०००।- समेत रु.१८,०००।- भुक्तानी गरेकोमा उक्त भाडाको छुट्टै भुक्तानी (पेश्की कार्यक्रम वाहेक) गरेकोमा खर्च सामान खरिद र ढुवानी पुष्टि हुने खरिदको अवधि र सामान नखुलेको ढुवानी खर्च रु-	१८०००.००
३४.	२६-२०७५।३।३२ वाट वासुदेव काफ्लेलाई हे घाँस प्रर्दशनीको लागि कार्यक्रम पेश्की दिएकोमा कार्यक्रम संचालन नर्म्समा नभएको घाँस विउ खरिद गरी खर्च दावी गरेको रु.१०,४५०।- कार्यक्रम विपरितको खर्च असुल हुनुपर्दछ रु-	१०४५०.००
	<u>शिक्षा चालु तर्फ</u>	
३५.	३२-२०७६।३।६ वाट गाउंपालिकामा संचालित ५४ वाल विकास केन्द्रमा विद्यार्थीहरुलाईं दिवा खाजा खुवाउने कार्यक्रममा प्रति दिन प्रति विद्यार्थी रु.१०।- का दरले ५०८ वालवालिकाको लागि रु.११,००,०००।- निकसा दिइएकोमा उक्त रकमवाट विद्यालय र वालविकास केन्द्र खाजाको व्यवस्थापन गरी खाजाको निर्देशिका वा कार्यविधि स्वीकृत नगरी निकासा दिई खर्च जनाएको उक्त रकमवाट विद्यालय नखुलेको अवधीमा विद्यार्थीहरुलाई खाजा उपलव्ध गराएको विवरण खर्च तथा विद्यार्थी उपस्थिति समेत विवरण माग गरी कार्यक्रमको अनुगमन प्रतिवेदन समेत पेश हुनुपर्ने रु-	११०००००.००
३६.	३१-२०७६।३।६ तेस्रो चौमासिकमा वाल विकास केन्द्रका स.का.को तलव वापत गाउंपालिकावाट थप भएको रकमको निकासा गर्दा निम्नानुसार वढी निकासा गरेको गरेको रकम असुल हुनुपर्ने रु-	७००००.००

सि.नं.	विद्यालयको नाम	निकासा दिनुपर्ने रकम	थप निकासा रकम	वढी निकासा रकम
१	हिमश्रृंखला आधारभूत विद्यालय	२८०००.००	३५०००.००	७०००.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

२	डांडागाउं आधारभूत विद्यालय	२८०००.००	७७०००.००	४९०००.००
३	डांडागाउं वाल विकास केन्द्रमा	२८०००.००	३५०००.००	७०००.००
४	ककला बा.वि.के मा	२८०००.००	३५०००.००	७०००.००
				७००००.००

३६.१. ३५-२०७६।३।२० वाट वडा नं. ३ का वडाध्यक्ष मदन गौतमले वालक्लव व्यवस्थापन खर्च वापत रु.४०,०००।- वुझिलिएकोमा पेश भएको विलमा लेटरप्याड रु.१००० र स्टील दराज रु.१९,०००।- र कापी पेन्सील डटपेन खरिदमा रु.२०,०००।- समेत रु.३९,०००।- को विल समावेश गरी रकमको खर्च भरपाई पेश गरेकोमा दराजको हस्तान्तरण र दाखिला नभएको, स्टेशनरी मालसामान वितरणको भरपाई समेत नरहेकोले खर्च पुष्टि हुने प्रमाण वेगर भुक्तानी दिएको रु- ४००००.००

३६.२. १९-२०७५।२।१० वाट वडा नं. ३ वाल दिवस कार्यक्रममा रुद्र आचार्यले पेश गरेको विल वमोजिम २०७५।५।२८ का दिन नेपाली शव्दकोष, अक्सफोर्ड डिक्सनरी, अजन्ता डिक्सनरी समेतका पुस्तक खरिद गरेको रु.१७,२७०।- को पुस्तक वितरण वा दाखिलाको प्रमाण समावेश नभएको रु- १७२७०.००

३६.३. १०-२०७५।१०।१२ वाट वडा नं. २ मा खेलकुद संचालन गर्न ध्रुवतारा यूवा क्लवमा प्रकाश उप्रेतीलाई भुक्तानी गरेकोमा वडाले उक्त क्लवलाई कार्यक्रम संचालन गर्न अख्तियारी दिएको वा सम्झौता गरेको प्रमाण वेगर वडाको कार्यक्रम वजेट रु. १,५०,०००।- क्लवलाई भुक्तानी गरेको रु- १५००००.००

३७. **सर्शत अनुदान शिक्षातर्फ**

३८. **शिक्षकको अभिलेखः** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । गाउँपालिकाले नियमावलीमा व्यवस्था भएबमोजिमको शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण तयार गर्नुपर्ने हुन्छ । बिद्यालयस्तरमा सन्चालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालीकाले नियमको उक्त व्यवस्था बमोजिम शिक्षक अभिलेख राख्ने गरेको पाइएन । यसरी अभिलेख नराखिँदा दोहोरो निकासा हुन सक्ने, दरबन्दी अनुसार पदपुर्ति नहुने, शिक्षक बिद्यार्थी अनुपात मिलान तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरी शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ ।

३९. **दरबन्दी एवं तलव खर्चः** स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ११(ज) को २ मा गाँउपालीकाले सामुदायीक बिद्यालय स्थापना, अनमति व्यबस्थापन, सञ्चालन, नियमन गर्न सक्ने तथा सामुदायीक बिद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्नसक्ने

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

उल्लेख छ । गाँउपालीकाले आफु मातहत रहेका बिद्यालय, बिद्यार्थी र शिक्षकको दरबन्दी स्वीकृत गरको देखिएन । प्राथमिक, आधारभूत र माध्यमिक गरी कुल ४४ विद्यालय रहेको यस गाउँपालिकामा कुल दरबन्दी १६८ दरबन्दी रहेकोमा शिक्षक कितावखानाको २०७५।०७।२५ मा जम्मा ५४ जना स्थायी शिक्षकको तलवि प्रतिवेदन पास भई माध्यमिक र आधारभूत तहका स्थायी तथा राहत शिक्षकहरुको तलव खर्चमा रु.८,३३,३२,४२३।- खर्च गरेको छ । तलव खर्च सम्बन्धमा देखिएको थप व्यहोरा निम्न अनुसार छन् ।

४०. **ग्रेड एकिन वेगरको भुक्तानीः** ग्रेड रकम भुक्तानी गर्दा पारित प्रतिवेदन अनुसार खर्च लेख्नु पर्नेमा निम्न शिक्षकहरुको विभिन्न कारण ग्रेड भिडान नभएको प्रतिवेदन पास नभई आएकोमा थप व्यहोरा एकिन नगरी तलव खर्च लेखेकोले उक्तखर्च प्रमाणित हुने प्रमाण पेश गर्नुपर्ने रु.- १४७२८२.३०

विद्यालयको नाम	शिक्षकको नाम	ग्रेड खुवाएको	प्रतिवेदनमा उल्लेख	भुक्तानी रकम रु.	कैफियत
शिरीजंग मा.वि.गोपेटार	श्री तारा पौडेल	३	०	२३२५५.१०	गलत ग्रेड गणना गरी पठाएकोले एकिन नगरेको
शिरीजंग मा.वि.गोपेटार	श्री प्रमराज राई	३	०	२३२५५.१०	संकेत नं. नराखेको
निलगिरी मा.वि.सुभाङ्ग	श्री सोमप्रसाद लामिछाने	५	०	३८७५८.५०	बढुवा मिति उल्लेख नगरेको
साम्रे आ.वि.साम्रे	श्री रुद्र प्रसाद भुर्तेल	५	५	३८७५८.५०	गलत ग्रेड गणना गरी पठाएकोले एकिन नगरेको
अरुणदया आ.वि..सुभाङ्ग	श्री कमला आचार्य	३	१	२३२५५.१०	गलत ग्रेड गणना गरी पठाएकोले एकिन नगरेको
			जम्मा रु	१४७२८२.३	

४१. **थप ग्रेडः** ग्रेड वापतको रकम भुक्तानी गर्दा पारित प्रतिवेदन अनुसार खर्च लेख्नु पर्नेमा पारित प्रतिवेदन भन्दा बढी ग्रेड भुक्तानी गरेकोले निम्न शिक्षकहरुलाई बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रु.- १७८१९.४०

विद्यालयको नाम	शिक्षकको नाम	ग्रेड खुवाएको	प्रतिवेदनमा उल्लेख	ग्रेड दर	भुक्तानी रकम रु.
सरस्वती मा.वि. आरोडपुङ	श्री पुष्पलाल उप्रेती	४	३	७८३.००	७७५१.१०
शिद्धेश्वरी मा.वि.टुवा	श्री इन्द्र प्रसाद रिजाल	५	४	१०१७.००	१००६८.३०
					१७८१९.४०

४२. **अवकास तलव भुक्तानीः** श्री शिद्धेश्वरी मा.वि.टुवाका शिक्षक श्री इन्द्र प्रसाद रिजाल २०७६ जेष्ठ १० मा अनिबार्य अवकास भएकोमा अन्तिम चौमासिकमा २ महिना १० दिनको तलव, महंगी भत्ता र प्र.अ.भक्ता समेत रु.९४,४९०।३३ मात्र तलव खर्च लेख्नुपर्नेमा रु.१,०८,००३।- बिद्यालयको नाममा निकासा दिएकोले बढी निकासा असुल गर्नुपर्ने रु.- १२५१२.६६

४३. **राजिनामा गरेको कर्मचारी खर्चः** श्री शिद्धेश्वरी मा.वि.टुवाका कार्यालय सहयोगी श्री टेकनाथ सापकोटाले दिएको राजिनामा २०७५ माघ १ देखि लागु हुनेगरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी कार्यालय सहयोगी श्री युवराज घिमिरेलाई फल्गुण १९ गतेदेखि लागु हुनेगरी नियुक्ति गरेकोमा समेत कार्यालय सहयोगी कर्मचारीको तलव निकासा दिएको १ महिना १८ दिनको रु.१२,०००।- भुक्तानी असुल गर्नुपर्ने रु.. १२०००.००

४४. **थप तलव खर्चः** श्री सिंहपुर पशुपति माध्यमिक विद्यालयका शिक्षक श्री डम्बर कुमारी भट्टराई २०७६।०१।३० मा सरुवा हाजिर भएकोमा बैशाख देखि आषाढसम्मको तलव रु.९०,३६१।- खर्च लेखेकोमा बैसाख महिनाको तलव खर्च लेख्न मिल्ने नदेखिएकोले विमा तथा महंगी भक्ता खर्च समेत रु.२६,७८७।- खर्च असुल फिर्ता हुनुपर्ने रु.- (छलफलका माइन्यूट गा.पा.वाट नदिएको २६७८७.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

भन्ने भनाई रहेतापनि सोको प्रमाण पेश भएन)

४५. **फ्ल्यास प्रतिवेदन तथा पाठ्यपुस्तक, पिसिएफ निकासा-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५।७६ अनुसार गाउँपालिकाले यस वर्ष जिल्ला शिक्षा समन्व्इ इकाईबाट अपलोड गरिएको विद्यार्थी सख्याको आधारमा पालिका अन्तर्गतका विद्यालयहरुलाई निम्न अनुसार रु.५२,४२,०९५/- निम्न शिर्षकमा अनुदान उपलव्ध गराएको छ ।

सि.नं.	शिर्षक	अनुदान रु.	सि.नं.	शिर्षक	अनुदान रु.
१	एसआरपी अनुदान	७,१०,०००/-	४	लेखापरीक्षण अनुदान	४,९०,०००/-
२	पिसिएिफ ननसेलरी	११,०६,८५०/-	५	पाठ्यपुस्तक	१७,४५,९४५/-
३	छात्रबृत्ति	९,८९,३००/-	६	कक्षा ११ र १२ थप अनुदान	२,००,०००/-

अनुदान उपलव्ध गराएको विद्यालयहरु मध्ये नमूना छनौट गरिएका निम्न ३ विद्यालयको फ्ल्यास प्रतिवेदन अनुसारको कक्षा १ देखि १० सम्म अध्ययनरत बिद्यार्थीहरुको लागी उपलब्ध गराएएको पाठ्यपुस्तक अनुदान, विद्यालयले पुस्तक खरिद गरेको विल र वितरण गरेको भरपाई विश्लेषण गर्दा उपलव्ध गराएको रकम अनुसार विल भरपाई भिडान भएको अवस्था छैन । फ्ल्यास प्रतिवेदनमा उल्लेख भएको विद्यार्थी संख्या र पुस्तक वितरण भरपाईमा अन्तर देखिंदा सो कक्षाका विद्यार्थी अनुसार उपलव्ध गराइएको पिसिएिफ ननसेलरी अनुदान, छात्रबृत्ति समेतमा फरक हुनजाने अवस्था छ । निर्देशिका अनुसार पाठ्यपुस्तक अनुदान शुरुमा ७५ प्रतिशत र बाँकी २५ प्रतिशत रकम विलभरपाईका आधारमा उपलव्ध गराउनु पर्नेमा गाउँपालिकाले एकैपटक अनुदान उपलव्ध गराएको कारण भाग्यदयो र जोरपाटी माध्यमिक विद्यालय बाहेक अन्य विद्यालयले प्राप्त निकासा अनुसारको विल भरपाई संलग्न गरी विद्यार्थी अनुसार पुस्तक खरिद तथा वितरण गरेको प्रमाणका आधारमा हिसाव मिलान गरेको छैन । तालिकामा उल्लेखित विवरण अनुसार खरिद गरेको परिमाण भन्दा वितरण बढी गर्ने, मौज्दात रहने गरी खरिद गर्ने लगायत अवस्था देखिएको छ । कक्षा ८ को परीक्षामा सामेल भएको विद्यार्थीहरुको संख्या समेत फरक पर्न गएको छ । यसबाट विद्यालयको वास्तविक विद्यार्थी संख्या र फ्ल्यास प्रतिवेदन मेल खाएको देखिएन । गाउँपालिकाले मातहत विद्यालयको वास्तविक विद्यार्थी संखया एकिन गरेरमात्र अनुदान उपलव्ध गराउने र वितरित अनुदानको प्रभावकारी उपयोग भए नभएको एकिन गर्नुपर्दछ । वास्तविक विद्यार्थी भन्दा फरक तथ्याङ्कबाट अनुदान लिने विद्यालयहरुलाई निगरानी राखि नियन्त्रण प्रणाली मजबुत बनाई अनुदान प्रभावकारी बनाउनु पर्दछ ।

कक्षा	श्री सिद्धेश्वरी माध्यमिक विद्यालय			श्री सरस्वती माध्यमिक विद्यालय			श्री निलगिरी माध्यमिक विद्यालय		
	फ्ल्यास अनुसार	पुस्तक खरिद	पुस्तक वितरण	फ्ल्यास अनुसार	पुस्तक खरिद	पुस्तक वितरण	फ्ल्यास अनुसार	पुस्तक खरिद	पुस्तक वितरण
१	१७	२५	२७	१४	११	४	१२	१५	१२
२	२०	२०	१७	८	१४	१२	१४	१३	१०
३	२७	२५	२५	१३	१०	९	१५	१८	१७
४	२०	३५	३२	१५	१३	१३	१४	१५	१३
५	२८	३५	२८	९	१६	१४	१०	१५	१४
६	६३	६०	६७	१६	१४	१५	३३	२६	२६
७	८९	७०	६०	३२	१४	१५	३३३६	३२	३१
८	८०	७०	७७	२१	२८	२७	३१	३०	२२
९	८६	६५	६४	३२	२५	२६	४३	३१	२९
१०	४६	५५	५१	२४	२८	२७	४१	२९	२८

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
४६.	**पाठ्यपुस्तक निकासामा बढि खर्चः** बिद्यालय क्षेत्र बिकास कार्यक्रम अन्तर्गत पाठ्यपुस्तक वितरण गर्दा पाठ्यक्रम बिकास केन्द्रबाट स्वीकृत दर बमोजिम विद्यार्थी संख्याका आधारमा पाठ्यपुस्तकको लागी अुनदान उपलब्ध गराउनु पर्नेमा निम्नअनुसार विद्यालयहरुलाई कक्षा ९ र १० को पाठ्यपुस्तकको लागि तोकिएको दर भन्दा बढी निकासा पठाएकोमा ऐच्छिक विषयको पाठ्यक्रम उल्लेख नगरी वढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.-	१०४४०२.००

सि.नं.	विद्यालयको नाम	कक्षा ९	कक्षा १०
१	अमरपुर मा.वि.	५८	४५
२	सिंहपुर पशुपति मा.वि.	७६	४६
३	सिद्धेश्वरी मा.वि.	६९	८१
४	शिद्धकाली मा.वि.	३४	१९
५	जोरपोखरी मा.वि.	४०	२१
६	श्रीजङ्ग मा.वि.	३४	३९
७	सिद्ध मा.वि	५५	४५
८	सिद्धेश्वरी मा.वि. EK	११	१२
९	निलगिरी मा.वि	४३	४१
१०	सरस्वती मा.वि.	३२	२४
	कूल विद्यार्थी	४५२	३७३
	भुक्तानीको दर	५६८.००	५७७.००
	भुक्तानी हुनेपर्ने दर	४४१.००	४५१.००
	फरक रकम	५७४०४.००	४६९९८.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
४७.	**बिल भरपाईः** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ बमोजिम स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई र पुष्ट्याई सहितको लेखा राख्नुपर्दछ । गाउँपालिकाले अन्तर्गतका ३ वटा सामुदायिक सिकाई केन्द्रलाई १ जना कर्मचारीको तलव रु.७४,४००।- समेत रु.२ लाख प्रति केन्द्रलाई उपलब्ध गराएको छ । कर्मचारी खर्च सहित अन्य शिर्षकमा समेत खर्च गरी विल भरपाई पेश गर्ने प्रपोजलका आधारमा उपलब्ध गराएको निम्न अनुदान रकमको प्रस्तवना अनुसार विल भरपाई उपलब्ध नभएकोले प्रपोजल अनुसार खर्च भएको प्रमाण पेश हुनुपर्ने रु.-	५२५६००.००

सि.नं.	सिकाई केन्द्रको नाम	रकम रु.
१	अमरपुर समादायिक सिकाई केन्द्र	१,२५,६००/-
२	सुभाङ समादायिक सिकाई केन्द्र	२,००,०००/-
३	पारिजात समादायिक सिकाई केन्द्र	२,००,०००/-

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
४८.	**भवन निर्माणः** श्री सिद्ध माध्यमिक विद्यालय, पञ्चमीमा रु.४७,८९,०७८।- लागत अनुमान रहेको ४ कोठे विद्यालय भवन निर्माण गर्नको लागि शिक्षा विकास तथा समन्वय इकाई पाँचथरबाट रु.३६ लाख उपलब्ध हुनेगरी बिद्यालयले सम्झौता गरी क्रमागत रुपमा निर्माण कार्य सुचारु रहेकामा पालिकाले यस वर्ष रु.१२,६९,३६५।- भुक्तानी गरेको छ । तत्कालिन जिल्ला शिक्षा कार्यालयबाट पेस्की स्वरुप उपलब्ध गराएको रु.१८ लाख समेत कुल रु.३०,६९,६३५।- भुक्तानी भईसकेको उक्त भवनको वाल, प्लाष्टर लगायत कार्य निर्माणाधिन रहेको छ। उक्त निर्माण कार्य सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार छन् ।	
४८.१.	**लागत अनुमान तथा सम्झौताः** निर्माणाधिन रहेको उक्त भवनको लागत अनुमान शिक्षा विकास तथा समन्वय इकाई कार्यालयबाट तयार गरी सम्झौता भएकोमा हाल स्थानीय तहबाट निर्माण कार्य सम्पन्न गर्नेगरी स्वत हस्तान्तरण भई आएकोमा उक्त भवनको लागत	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	अनुमान, ड्रइङ्ग, डिजाइन लगातका कागजात विधिवत रुपमा हस्तान्तरण भई नआएकोले लेखापरीक्षणमा पेश हुन आएन । निर्माण कार्यको बिस्तृत विवरण लगायत सम्पन्न गर्नुपर्ने अवधि, सम्झौताका शर्तहरु लगायत सूचना उपलब्ध हुन आएन । कुल लागत अनुमानमा उपभोक्ताको योगदान तथा अन्य निकायको लगानी रहेनरहेको यकिन विवरण प्राप्त हुन आएन ।	
४९.	**लागत अनुमान फरक गरी लगानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(६) मा निर्माण कार्यको लागत अनुमान तयार भै सकेपछि एकतह माथीको अधिकारीवाट चेक जांच गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले यो वर्ष सिद्द मा.वि. पंचमीमा शिक्षा विकास तथा समन्वय इकाई पांचथरवाट ४ कोठे विद्यालय भवन वहुवर्षिय निर्माण गर्ने गरी २०७४।७५ मा लागत अनुमान रु.४७,८९,०७०।३२ स्वीकृत गरी रु.१८,००,०००।- निकासा गरिसकेको पत्रको आधारवाट देखियो । सो विद्यालयमा बांकी काम गराउन २०७५।७६ मा गाउंपालिकावाट रु.१८,००,०००।- समेत निकासा दिई यो वर्षसम्म रु.३६,००,०००।- लगानी गरिसकेको पाइयो । गतवर्ष विद्यालय निर्माण गर्न रकम निकासा भएतापनि निर्माण सम्बन्धी कार्य यो वर्ष गाउंपालिका प्राविधिकले विल तयार गरी कूल काम मध्ये उपभोक्ता सहभागिता कट्टा गरी बांकी रकम विद्यालयलाई भुक्तानी गर्दै यो वर्षसम्म दोश्रो रनिङ्ग विलसम्मको भुक्तानी रु.३०,६९,६२५।- गरेको छ । लेखापरीक्षणमा उक्त विद्यालयको भुक्तानी विल परिक्षण गर्दा शिक्षा विकास समन्वय इकाईले तयार गरी स्वीकत गरेको लागत अनुमानमा देखाइएको निम्नानुसारका आइटमको कार्य परिमाणको जोड जम्मामा फरक परेको पाईयो । **<u>आईटम नं.कामको विवरण</u>** 10 Brick wall 1:6 8 Foundation beam Tie beam Stil band Lintle band Top beam उल्लेखित आइटममा देखाइएका कार्य परिमाण वढी रहेको छ । जोड जम्मा वढी परिमाण भएको कारण विद्यालय भवनको लागत रु.३८,१२,५३४।- मात्र हुनेमा रु.४७,८९,०७८।- देखाई सोही लागतको आधारमा रकम छुट्याएको पाइयो । विद्यालय भवन वनाउने कामको सुपरिवेक्षण र नापी गरी विल तयार गर्ने कार्य गाउंपालिकाका प्राविधिकवाट भएकोमा रनिङ्ग विल तयार गर्दा इष्टिमेट परिमाणकै आधारमा वास्तविक काम नापजांच नगरी विल तयार गरेको कारण यो वर्ष दोश्रो रनिङ विलसम्म उपभोक्ताको अंश कट्टा गर्दा रु.९,७६,५४४।- वढी निकासा भै सकेको यो विद्यालयको स्थलगत निरीक्षण गर्दा गाउंपालिकाका प्राविधिक समेतले कामको नापजांच गरेको छ । नापजांचवाट शुरु लागत अनुमानमा नरहेको ढुंगाको गारो लगाउने १:६ सिमेन्टको २५.८१ घ.मीको हुने रु.२,५६,४१६।- थप काम भएको भएतापनि भेरिएसन स्वीकृत भएको छैन । इष्टिमेटमा भएको गलत परिमाणको कारण यो वर्षसम्म शिक्षा विकास इकाई र गाउंपालिकाको समेत गरी जम्मा रु.९,७६,५४४।- वढी निकासा दिएकोले वढी निकासा रकम फिर्ता लिई स्वीकृत डिजाईन र आइटमको कार्य गराएर मात्र कार्य सम्पन्न गर्नुपर्ने र वढी भुक्तानी रकम असुल हुनुपर्ने रु-	९७६५४४.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

५०. **निर्माण गुणस्तरः** निर्माणाधिन रहेको सो भवनको गुणस्तर नियन्त्रणका मापदण्ड, निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्री, प्राविधिक जिम्मेवारी लगायत निर्माण कार्यको गुणस्तर सम्बन्धमा निर्माण समितिको ध्यान पुग्न सकेको देखिदैन । मिति २०७५।०५।१६ मा प्राविधिक सहितको स्थलगत निरिक्षण गर्दा ढलान कार्यमा बासको फर्मा प्रयोग भएको, विद्युत उपलब्ध नभएकोले भ्राईवेटर मेशिन समेत प्रयोग नगरेको, इटाको गुणस्तर नभएको र प्राविधिकको प्रत्यक्ष निगरानी बेगर निर्माण सुचारु गरेको अवस्थाले निर्माण कार्यको गुणस्तर प्रति आश्वस्त हुने अवस्था देखिदैन । निर्माण कार्यको सुपरिभिजनमा संलग्न इन्जिनियर समेतलाई जिम्मेवार वनाई गुणस्तरिय निर्माण कार्य गर्नुपर्दछ ।

५१. **नाप फरकः** कार्यालयमा भुक्तानीका लागि पेश भएको विलमा संलग्न नापी कितावमा जोडजम्मा फरक परि निम्नअनुसार बढी कामको मूल्याङ्कन देखाई भुक्तानी हुन गएको देखिएको छ । नाप अनुसार जोडजम्मा हुनुपर्नेमा आरसिसि कार्यको नापजाँच नै नगरी लागत अनुमानको परिमाणलाई निर्माण सम्पन्न भएको जनाई विल तयार गरेको देखिंदा निर्माण कार्यमा संलग्न प्राविधिक जिम्मेवार भएको मान्न सकिएन । नापी कार्यमा लापरबाह गर्ने प्राविधिकलाई जिम्मेवार बनाईनु पर्दछ ।

कामको नाम	खुद काम भएको	बिलमा चढाएको	नाप फरक परिमाण	दर	रकम रु.
विम लगायत आरसिसि गर्ने कार्य	७७.३०	१४२.५०	६५.२	१४९८३	९,७६,८९१/६०

५२. **परीक्षा संचालन खर्चः** पालिका अन्तर्गत रहेका कक्षा ८ सम्म पढाइ हुने १६ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको कक्षा ८ का परीक्षा संचालनका लागि रु.१ लाख २९ हजार वजेट विनियोजन भई निकासा लिएकोमा उक्त रकम स्रोतव्यक्ति विश्वनाथ भण्डारीले एकमुष्ट पेस्की लिई निम्न अनुसार खर्च गरेको छ ।

सि.नं.	शिर्षक	अनुदान रु.	सि.नं.	शिर्षक	अनुदान रु.
१	प्रश्नपत्र निर्माण	५,९००/-	४	प्रश्नपत्र प्रिन्ट	५०,५८०/-
२	बैठक खर्च	२०,०००/-	५	विद्यालयलाई वितरण	२४,५४०/-

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	३ | अनुगमन | १७,०००/- | ६ | विविध खर्च | १२,१०५/-	
	प्रति सहभागी विद्यार्थी रु.६०।- का दरले सम्बन्धित विद्यालयहरुको खातामा पठाएको बाहेक परीक्षा समितिको बैठक, अनुगमन लगायतमा खर्च गरकोमा सो खर्चको नर्म्स तयार गरेको देखिएन । प्रश्नपत्र निर्माण गर्ने, छाप्ने, ढुवानीगरी सुरक्षित गन्तव्यमा पुऱ्याउने जस्ता कार्यक्रम संचालन गर्दा समेत आवश्यक नर्म्स तयार गरेको छैन । विद्यालयलाई वितरण गरेको आधार समेत स्पष्ट छैन । कुन कार्यका लागि के आधारमा खर्च गर्न उक्त रकम पठाइएको आधार स्पष्ट भएन । यसप्रकारको कार्यक्रम सञ्चालन गर्दा आवश्यकताका आधारमा खर्चको नर्म्स तयारगरेर स्वीकृत गरेरमात्र खर्च गर्नुपर्दछ ।	
५३.	**अंग्रेजी सिकाई क्षमता विकासः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार कार्यक्रम स्वकृत गर्दा कार्यक्रमको नीति, उद्धेश्य र लक्ष्य अनुसार गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिका अन्तर्गत विद्यालयको पठन पाठन सुधार गरी अग्रेजी माध्यममा लैजाने उद्धेश्यले पालिकाले वित्तिय समानीकरण तर्फको वजेटबाट रु.३० लाख विनियोजन भएकोमा कक्षा १ देखि ५ कक्षासम्म पढाउने ६४ जना शिक्षकलाई १० दिने अंग्रेजी भाषा तालिम सञ्चालनमा रु.११ लाख र बालविकास स.का.हरु ५४ जनालाई ७ दिने तालिम संचालनमा रु.५ लाख समेत १६ लाख खर्च गरेको छ । तालिम कार्यक्रम संचालनका लागि २०७६/०१/०६ मा स्वीकृत प्रस्तावना अनुसार कक्षा १ देखि ५ कक्षासम्म पढाउने ६० जना शिक्षकलाई २ सत्रमा संचालन गर्नेगरी कार्यक्रम हुने उल्लेख छ । पर्याप्त वजेट भएका कारण थप माग भएको जनाई बालविकास स.का.हरु ५४ जनालाई समेत पुन तालिम कार्यक्रम तय गरेको देखिन्छ । तोकिएको समयमा समापन कार्य हुन नसकी पुन १ दिन छुट्टै समापन कार्यक्रम गर्नेगरी कार्यक्रमको मोडालिटी नै परिवर्तन गरेको छ ।	
	वजेट तयार गर्दा नै तालिम आवश्यकता पहिचान गरी वास्तविक कार्यक्रम संचालनका आधारमा विश्लेषण गरी स्वीकृत कार्यक्रममा खर्च गर्न आवश्यक मात्रामा वजेट व्यवस्था गर्नुपर्नेमा वजेटको उपलब्धताका आधारमा पटक पटक कार्यक्रम संचालन गर्ने, कार्यक्रमको नर्म्स तयार नगर्ने, कुन कुन भत्ता उपलब्ध गराउने एकिन नगर्ने, एकै प्रकारको कार्यक्रममा फरक दरमा भत्ता वितरण गर्ने, सुविस्ता अनुसार परिवर्तन तथा थप कार्यक्रम संचालन गर्ने, कार्यक्रमको उपलव्धी मापन गर्ने परिमाणात्मक मापदण्ड तयार नगर्ने गरेबाट तालिमको आवश्यकता र औचित्यता पुष्टि हुने आधार देखिएन । कार्यक्रम स्वीकृत गर्दा लक्षित वर्गको आवश्यकता, कार्यक्रमको मोडालिटी, कार्यक्रममा गरिने कृयाकलाप र सोको आधारमा हुने खर्च र सो खर्च गर्ने मापदण्ड बनाएर मात्र स्वीकृत गरी कार्यक्रमको उपलव्धी मापन गर्ने आधार समेत तयार गरेरमात्र आवश्यकता अनुसार वजेट व्यवस्था गर्नु पर्दछ ।	
५४.	**शिक्षा सफ्टवेयरः** कक्षा ८ को मार्कसिट व्यवस्थापन एवं शिक्षा सम्बन्धित तथ्याङ्क व्यवस्थित गर्ने उद्धेश्यले २०७६/०१/१५ मा भएको संभ्मौता अनुसार वार्षिक डाटा भेरिफिकेशन, विद्यालयहरुको डाटा लिंकेज गराउने कार्य सफ्टवेयर निर्माण कर्ताको हुने उल्लेख छ । परीक्षा संचालन भइसकेपछि भएको उक्त संभ्मौता अनुसार सफ्टवेयर निर्माण कम्पनिबाट आइटी शाखाको डेस्कटप कम्प्युटरमा उक्त सफ्टवेयर इन्स्टालेशन गरी रु.७४,५८०।- (मू.अ.क.समेत) भुक्तानी लिएको छ । सो सफ्टवेयरको एड्मिन कि गाउँपालिकालाई उपलव्ध गराएको छैन । गाँउपालिकाले पोष्टिङ्ग गरेको डाटाहरु निर्माण कम्पनिबाट परिवर्तन गर्न सकिने अवस्था भएबाट सफ्टवेयरको बिश्वसनीयताको ग्यारेन्टी समेत देखिएन । सफ्टवेयर निर्माण कम्पनिबाट सो संचालनका लागि सहजीकरण तालिम संचालन गरेर सफ्टवेयर संचालन गर्ने जिम्मेवाारी पुरा गरेका छैन । संभ्मौता अनुसार निर्माण कम्पनिबाट सम्बन्धित विद्यालयमा लिंकसफ्टवेयर इन्स्टालेशन हुनुपर्नेमा गाउँपालिकाका कर्मचारीबाट प्रति विद्यालय रु.३००।- का दरले १७	५१००.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	विद्यालयको रु.५,१००।- भुक्तानी गरेको छ । संझौता अनुसार सफ्टवेयर निर्माण कम्पनिबाट इन्स्टालेशन हुनुपर्ने खर्च गाउँपालिकाबाट भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु.-	
५५.	**पेस्की फछ्र्यौटः** तालिम कार्यक्रमका लागि स्रोतव्यवक्ति विश्वनाथ भण्डारीले एकमुष्ट रु.१६ लाख पेस्की लिई ४ पटक गरी तालिम संचालन गरेकामा एकैपटक फछ्र्यौट गरेको छ । फछ्र्यौट विलभरपाईको नर्म्स अनुसारखर्च गरेको तेरिज समेत तयार गरेको छैन । तालिम कार्यक्रम अनुसार कुन सत्रमा कति खर्च गरेको देखिने गरी अभिलेख तयार गरेको छैन । प्रस्तावनामा स्वीकृत भएअनुसार खर्चको लागत तथा यथार्थ खर्चको विश्लेषण गरी खर्च प्रतिवेदन तयार गरेको छैन । एकै प्रकारको तालिममा फरक दरमा भक्ता वितरण गर्ने ४ सत्रमा ५ कार्ययोजना बनाएको खर्च लेख्ने, १० दिने कार्यक्रममा १२ दिनको भक्ता वितरण गर्ने जस्ता अनियन्त्रीत खर्च गरी पेस्की फछ्र्यौट भएकोमा समेत जिम्मेवार व्यक्तिबाट जोडजम्मा समेत नभिडाई पेस्की फछ्र्यौट गरेको छ । यस सम्वन्धमा कार्यालयबाट आवश्यक चेकजाँच गरी प्रस्तावनामा स्वीकृत दर र संख्या भन्दा बढी भुक्तानी रकम असुल गर्ने र नियमानुसार खर्च पुष्टिहुने विल भरपाईको तेरिज सहित खर्च भिडान गरी प्रमाण पेश हुनुपर्दछ ।	
५६.	**अनुदान फरफारकः** आर्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ४१(३) र (६) मा कुनै संघ संस्थालाई शसर्त अनुदान रकम निकासा दिँदा योजना कार्यक्रम र यथासंभव लागत समेत खुलाई अनुदान दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यसवर्ष निम्न विद्यालयहरुलाई भौतिक पूर्वाधार निर्माण कार्यको लागि निम्नानुसार अनुदान उपलव्ध गराएकोमा आषाढ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी भएको सम्झौताको आधारमा निकासा दिएको लेखापरीक्षण अवधिसम्म (२०७६ भाद्र) फरफारक भएको नदेखिएकोले तोकिएको कार्यमा नियमानुसार खर्च गरेको पुष्टीहुने कार्यसम्पन्न प्रतिवेदन लगायत आवश्यक प्रमाण कागजात पेश हुनुपर्ने देखिएको रु.	७६६०००० .००

विद्यालयको नाम	४ र २ कोठे भवन निर्माण	शौचालय निर्माण	कार्य सम्पादनमा आधारित तलव	विज्ञान प्रयोगशाला	शिक्षण शिकाई अनुदान	जम्मा
निलगिरी मा.वि. मुक्तुरा			५००००.००			५००००.००
अमरपुर मा.वि. अमरपुर			५००००.००	६५००००.००		७०००००.००
सरस्वती मा.वि.ओराङफुङ			५००००.००			५००००.००
सिंहपुर मा.वि सिंहपुर पशुपति मा.वि आङवुङ			५००००.००			५००००.००
शिद्ध मा.वि. पञ्चमी	१३०००००.००	७०००००.००	५००००.००			२०५००००.००
सिद्धेश्वरी मा.वि.सुवाङ			५००००.००	६५००००.००		७०००००.००
सिद्धेश्वरी मा.वि.टुवा			५००००.००			५००००.००
शिद्धकाली मा.वि.अर्खौले			५००००.००			५००००.००
अमरज्योती मा.वि.राईगाउं	१६०००००.००				२०००.००	१६०२०००.००
जनता आ.वि.कोलडांडा					२०००.००	२०००.००
मृदुङगा झरना आ.वि सुम्लिदुङ		७०००००.००				७०००००.००
मानेडांडा आ.वि.मानेडांडा	१६०००००.००				२०००.००	१६०२०००.००
जोरपोखरी मा.वि.जोरपोखरी			५००००.००			५००००.००
डांडागाउं आ.वि. डांडागाउं					२०००.००	२०००.००
सुर्योदय आ.वि.खुम्पाङ डांडा					२०००.००	२०००.००
जम्मा:						७६६००००.००

प्रधानमन्त्री रोजगार कार्यक्रम

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
५७.	**कार्यक्रम संचालन:** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ४५ मा कार्यक्रम संचालनका लागि प्रत्येक गाउँपालिकामा १ जना रोजगार संयोजक तोकिने र सो मार्फत कार्यक्रम संचालन हुने व्यवस्था छ । कार्यक्रमसंगै त्यस्तो संयोजक समेत उपलव्ध गराउनु पर्नेमा गाउँपालिकालाई यसवर्ष रु.२७ लाख १३ हजार वजेट प्राप्त भएता कार्यविधिमा उल्लेख भए अनुसार संयोजक तोकिएको पाइएन । संयोजक बेगर गाउँपालिकाबाट उक्त रकम निकासा लिई रु.२४ लाख १४ हजार खर्च गरेको छ । गाउँपालिकाको २०७६/०२/२९ को निर्णयले वडा नं.२, ५ र ७ मा २९ जना र वडा नं.१, ३, ४ र ६ मा २२ जनालाई कम्तिमा १५ दिन रोजगारी उपलव्ध गराउन सम्बन्धित वडाबाट नै योजना छनौट गर्ने निर्णय भएअनुसार वडासमितिले आ-आफ्नो वडामा पर्ने सडकहरु मर्मत गरेको छ । सम्बन्धित वडाबाट नै अनुगमन हुनेगरी कार्य गर्न निकासा दिएको उक्त रकम वडाहरुले विभिन्न स्थानहरुमा ढुंगा सोलिङ्ग तथा नाली सफाईमा डोर हाजिर मार्फत खर्च लेखेको छ । कार्यविधिमा उल्लेख भएअनुसार वजेट कार्यक्रम संगै संयोजक उपलव्ध नहुनु तथा स्थान समेत नखुलाई लागत अनुमान तथा निर्माण सम्पन्न गरेको नियम सम्मत देखिएन ।	
५८.	**डोर हाजिर:** तोकीएको फारम प्रयागे गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा स्थान, कामको नाम लगायतको विवरण समेत खुलाउने र कार्यालयबाट प्रमाणित गर्ने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । यसबाट सम्पन्न निर्माण कार्यमा भएको जिन्सी सामानको खपत तथा कामदारको विवरण अनुसार निर्माण खर्च बिश्लेषण गर्न सक्ने अवस्था देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । यस सम्बन्धमा उपभोक्ताले गरेको कामको डोर हाजिर प्राविधिकबाट प्रमाणित गर्न कठिनाई रहेको प्राविधिकबाट जबाफ प्राप्त भएतापनि प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलब्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।	
५९.	**निर्माण ज्यावल खरिद:** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ मा प्राप्त वजेटको ३ प्रतिशत रकम निर्माण कार्यमा प्रयोग हुन टुल्सहरुमा खर्च गर्नुपर्ने व्यवस्था रहको छ । गाउँपालिकाले सो कार्यविधिका आधारमा मारुती स्टोर्स फिदिमबाट रु.५१,२९४।- को झम्पल, बेल्चा, गैची, तगारी आदि खरिद गरेको बिल संलग्न गरेको छ । कार्यालयबाट उपभोक्ता समिति मार्फत कार्य गर्न तयार गरेको लागत अनुमानमा यस प्रकारको सामानका लागि ३ प्रतिशत रकम संलग्न गरी जिल्लादर अनुसार दर बिश्लेषण गरी कुल अंकको आधारमा लागत गणना गरेको छ । लागत गणनामा समावेश गरी सकेको अवस्थामा पुन कार्यालयबाट सामान खरिद गरी वितरण गर्दा कार्यविधिमा उल्लेखित औजार खरिदमा दोहोरो मूल्य भुक्तानी हुन गएको छ । उपभोक्तालाई सामान सहित भुक्तानी भइसकेपछि समेत निर्माण कार्यमा प्रयोग हुन टुल्समा खर्च गरेको रकम रु.-	५१२९४.००
	<u>स्वास्थ्य सशर्त</u>	
६०.	**बार्षिक कार्य प्रगति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा प्रत्येक कार्यालयले अनुसूची-२ अनुसार चौमासिक प्रतिवेदन तयार गर्नुपर्ने र यस्तो प्रतिवेदन उपर	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

नियम २६ अनुसार वार्षिक समिक्षा गर्नुपर्ने व्यवस्थाछ । गाउँपालिकाले स्वास्थ्यतर्फका विभिन्न कार्यक्रम संचालन गर्नका लागि प्राप्त वजेट खर्चको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन । चौमासिक लक्ष्य सहित स्वीकृत कार्यक्रम अनुसार तोकिएको कार्य सम्पन्न गरेनगरेको, कार्य सम्पन्न गर्न नसकेका कारणहरुको समिक्षा गर्ने गरेको छैन । उदाहरणका लागि निम्न अनुसारका महत्वपूर्ण कार्यक्रममा शुन्य प्रगति भएकोमा सोको कारण उल्लेख गरेको छैन । नियमानुसार तोकिएको चौमासिकमा कार्य सम्पादन भए नभएको एकिन गरी कार्यसंचालन गर्ने कर्मचारीलाई जिम्मेवार बनाई प्रगति प्रतिवेदन तयार गर्ने तथा कार्यक्रमको समिक्षा गरी सुधार गर्ने व्यवस्था गर्नुपर्दछ ।

सि.नं.	कार्यक्रमको नाम	वजेट रु.
१.	स्तरिय उपचार पद्धति सम्बन्धी अभिमुखिकरण र साथी समुह छलफल	१,२०,०००/-
२.	नियमित रुपमा खानेपानी गुणस्तर निगरानी गर्ने	४०,०००/-
३.	रोटाखोप शुरुवात गर्न स्वास्थ्यसंस्थास्तरमा स्वास्थ्यकर्मीहरुको अभिमुखिकरण	२५,०००/-
४.	शिघ्र कुपोषण एकिकृत व्यवस्थापनका लागि बहिरंग विस्तार सुदृढीकरण	७५,०००/-
५.	तथ्याङ्क गुणस्तर सुधारका लागि सूचना व्यवस्थापन प्रणाली विकास र स्थापना	५,०००/-
६.	स्तनपान कक्ष स्थापना	६४,०००/-
७.	पूर्णखोप भेरिफिकेशन अनुगमन तथा घोषणा सभा	२५,०००/-

६१. **तलबी प्रतिवेदनः** स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क(५) मा स्वास्थ्य सेवाका कर्मचारीले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलव प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्नेमा गाँउपालिकाले ५ बर्थिक केन्दसहितको प्राथमिक स्वास्थ्य केन्द्र र २ वटा स्वास्थ्य इकाइमा समेत ७ वटा स्वास्थ्य संस्थामा कार्यरत ४३ जना कर्मचारीकोरु.१,५९,६१,६२९।-तलव खर्च लेखेकामा ऐनको उक्त व्यवस्था अनुसार तलव प्रतिवेदन पारित गरेको छैन । तलव प्रतिवेदन कस्ले पारित गर्ने भन्ने अन्योल भएकोले गतविगतको तलवमा ग्रेड थप गरी तलव भुक्तानी गरेको गाउँपालिकाले जवाफ दिएको छ । स्थानीय तहमा कार्यरत कर्मचारीको तलव सोही निकायबाट हुने स्पष्ट व्यवस्था हुदाँहुदै आवश्यक प्रमाण जुटाई तलब, ग्रेड लगायत नियमानुसार पाउने विभिन्न भत्ताहरु एकिन गरेर मात्र खर्च लेख्नुपर्नेमा विविध कारण जनाई तलव प्रतिवेदन पारित नगरी खर्च लेखेको नियम सम्मत देखिएन । स्वास्थ्य सेवाका कर्मचारीले प्राप्त गर्ने ह्याजर्ड भत्ता, प्राविधिक ग्रेड लगायतका भत्ताहरु समेत एकिन नगरी कर्मचारीको दरबन्दी विवरण अनुसार खर्च लेखेको तलव ग्रेड भिडान गर्ने आधार देखिएन । नियमानुसार तलव भत्ता एकिन गरेरमात्र खर्च लेख्ने व्यवस्था हुनुपर्दछ ।

६२. **औषधी खरिदः** सार्वजनिक निकायले खरिद कार्य प्रतिश्पर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ । गाँउपालिकाले यस वर्ष एकिकृत स्वास्थ्य शसर्त अनुदानबाट प्राप्त रु.१५ लाख र समानिकरण अनुदानबाट रु.३ लाख ५० हजार गरी जम्मारु.१८ लाख ५० हजारको निशुल्क वितरण गर्ने औषधीहरु खरिद गरी अन्तर्गतका ७ वटा स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरेको छ । स्वास्थ्य संस्थाहरुबाट औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई तीनवटा फर्मबाट मूल्य लिई सो मूल्यको औषतदरमो १० प्रतिशत घटाई वजेट अनुसारको लागत अनुमान तयार गरी स्वीकृत भएको आधारमा बोलपत्र गरेको छ । राष्ट्रिय पत्रिकामा १५ दिने सूचना प्रकाशन भएकोमा १९ वटा बोलपत्र बिक्री भएता पनि अन्तिम समयमा ३ वटामात्र दाखिला भएको छ । दाखिला भएको मध्ये २ वटा बोपत्र सारभूत रुपमा प्रभावग्राही नभएकोले लागत अनुमान भन्दा २ प्रतिशतमात्र कम मूल्य कबोल गर्ने अंशु मेडिकल डिस्टिव्यूसनको बोलपत्र मूल्याङ्कन गरेको छ । न्यूनदर पेश गर्नेबाट रु.१८,२१,१०७/- को औषधी खरिद गरेको छ । पर्याप्त मात्रामा बोलपत्र बिक्री भएता पनि ३ वटामात्र अन्तिम

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	समयमा दाखिला हुनु, दाखिला भएको बोलपत्र पनि प्रभावग्राही नहुनु, लागत अनुमानको बराबर खरिद मूल्य कायम हुनु जस्ता कारणले खरिद कार्यमा प्रतिस्पर्धी र मितव्ययी भएको देखिदैन । खरिद कार्यलाई प्रभावकारी बनाई प्रतिश्पर्धाको माध्यम अपनाई खरिद गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।	
६३.	**औषधीको म्याद तथा वितरणः** खरिद संझौताको सामान्य शर्तको ३ नं बुदामा प्राप्त भएका औषधी निरीक्षण परीक्षण गरी म्याद कम्तिमा १८ महिनाको भएनभएको एकिन गरेरमात्र स्वीकार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद भएका औषधीहरु मुचुल्का गरी परिमाण, गुणस्तर र समय अवधि एकिन गर्ने गरेको छैन । तोकिएको परिमाण र गुणस्तर कायम तथा पारदर्शिताका लागि समेत प्राप्त औषधीहरुको रोहवर मुचुल्का गर्ने व्यवस्था गर्नुपर्दछ । साथै पालिकाले खरिद भएका औषधीहरु माग अनुसार ७ वटै संस्थालाई हस्तान्तरण गर्ने गरेको छ । हस्तान्तरण भएका औषधी स्वास्थ्य चौकिको जिन्सी खातामा दाखिला गरी पुनः जिन्सीबाट वितरण कक्षमा निकासा गरेको आधारमा औषधी खर्च जनाउने गरेको देखिन्छ । वितरण कक्षबाट खपत भएको औषधी भेरिफिकेशन गर्ने पद्धती अवलम्बन गरेकोछैन । उक्त औषधिहरुको वितरण प्रक्रिया प्रभावकारी भए नभएको, औषधीको पर्याप्तता अवस्था, औषधीको पहुँच एवं पारदर्शिता सम्बन्धमा गाँउपालिकाले ध्यान पुग्न सकेको देखिएन । गत वर्षको मौज्दात, आम्दानी, खर्च तथा म्याद समाप्त भएका औषधीहरुको विवरण समेत तयार गर्ने गरेको छैन । औषधीको वार्षिक खरिद योजना तयार गरी तोकीएको प्रक्रिया पुरा गरी लागत अनुमान एवं परिमाण यकिन गरेर प्रतिश्पर्धाका माध्यमबाट औषधी खरिद गरी वितरण प्रणालीमा सुधार गर्नुपर्दछ ।	
६४.	**हात्तिपाइले औषधी अभियानः** तोकिएको कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नुपर्दछ । हात्तिपाइले रोग उन्मुलन गर्ने उद्धेश्यले २०७५।११।१५ देखि २०७५।११।२५ सम्म संचालन भएको राष्ट्रिय अभियानका लागि रु.४ लाख ४३ हजार वजेट प्राप्त भएकोमा सरोकार निकायलाई तालिम, स्वयंसेविका परिचालन तथा स्वास्थ्यकर्मी परिचालन लगायत विभिन्न कृयाकलाप संचालन गरी रु.४,३६,७००।- खर्च गरेको छ । कुल २१,०७२ जनसंख्या भएको गाउँपालिकामा औषधी खाने उमेरका १९,०४० जनसंख्यालाई औषधी खुवाउन अल्वेण्डाजोल २०,००० र डाइथाइलकार्वामाइजिन ५२,००० थान प्राप्त भएकोमा जम्मा १४,५६३ मात्र औषधी खपत भएको छ । अभियान संचालन भएको दिन बुथमा ५,०८७ र स्वास्थ्यकर्मी परिचालनबाट घरघरमा गई ९४७६ जनालाई औषधी सेवन गराएको छ । औषधीको असरबाट बिरामी परेकाहरुलाई उपचार गर्नका लागि रु.१०,४३०।- को औषधी खरिद गरेकोमा सो को खपत विवरण उपलव्ध भएन । औषधी सेवनबाट ७६ जनालाई सामान्य असर देखिएकोमा औषधी पुरै खर्च लेखेको छ । बाँकी औषधी निकासा पठाइएका स्वास्थ्य संस्थामा नै रहेकाले सबै खर्च जनाएको जवाफ प्राप्त भएको छ । स्वास्थ्य कर्मीहरुलाई प्रतिदिन ४० घरमा औषधि खुवाएवापत रु.७००/- का दरले भक्ता उपलव्ध गराउनु पर्नेमा ४४१३ घरधुरी भएको गाउँपालिकामा ३७ स्वास्थ्यकर्मीलाई १५२ दिन परिचालन गरेको भनि रु.१,०४,३००।- खर्च लेखेको छ । प्रति ४० घरमा १ दिनमा १ स्वास्थ्यकर्मीका दरले भक्ता वितरण गर्दा बढीमा १११ स्वास्थ्यकर्मी परिचालन हुनुपर्नेमा पहाडि बस्ती भएको कारण नर्म्सभन्दा बढी स्वास्थ्यकर्मी परिचालन गर्नुपरेको कार्यालयले जनाएकोछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार अभियान अवधिभरीमा जम्मा औषधी खानुपर्ने जनसंख्याको ७६.४८ प्रतिशत जनसंख्याले मात्र औषधी सेवन गररेको देखिन्छ । औषधी वितरण भन्दा अगाडी स्वास्थ्यकर्मी, विद्यार्थी, म.स्व.सेविका लगायत सरोकारवालाहरुलाई प्रत्येक वडाहरुमा समेत सहभागी गराई प्रचार प्रसार तथा अभिमूखीकरण गरेकोमा पूर्ण जनसंख्यालाई समेट्न सकेको देखिएन । अनुगमनमा खटीएको पदाधीकारीहरुबाट	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	औषधी खाएमा विरामी परिने डरत्रास, औषधी प्रतिको विश्वास लगायत कारणबाट औषधी सेवन गर्न नआएकोले अझ थप अभिमुखिकरण आवश्यकता रहेको व्यहोरा औल्याएको छ । राष्ट्रिय अभियान संचालनलाई प्रभावकारी वनाई खर्चको उचित उपयोग गर्नेगरी औषधी सेवन कार्यलाई थप व्यवस्थित ढंगबाट संचालन गर्ने, खरिद गरिएका तथा प्राप्त भएका औषधीको अभिलेख व्यवस्थापनमा सुधारगरी दाखिला हुन आएका औषधीहरु उचित प्रयोगमा ध्यान दिनुपर्दछ ।	
६५.	**आइयुसिडी तथा इम्पाल्न्ट खर्चः** स्वास्थ्य संस्थाबाट निशुल्कमा आइयुसिडी तथा इम्पाल्न्ट सेवा दिने उद्धेश्यले गाउँपालिकालाई यस वर्ष रु.३१ हजार वजेट उपलव्ध भएकोमा २ जनालाई आइयुसिडी र १४३ जनालाई इम्पाल्न्ट सेवा प्रदान गरेको छ । स्वकिृत नर्म्स अनुसार प्रति आइयुसिडी सेवाका लागि रु.५५/- र इम्पाल्न्ट सेवाका लागि रु.४०/- का दरले सेवा प्रदायकलाई उपलव्ध गराई रु.५,८३०।- खर्च गरेको छ । बाँकी रकमबाट सो कार्यका लागि आवश्यक विभिन्न सर्जिकल आइटम खरिद गरेको विल संलग्न गरी रु.३१ हजार नै खर्च गरेको छ । प्रति सेवाग्रहीका आधारमा खर्च हुने यस प्रकारको वजेटबाट सामान खरिद गर्दा थप सेवाग्राहीलाई सेवा दिन नसक्ने अवस्था एकातिर देखिन्छ भने अर्कोतर्फ १४५ सेवाग्राहीका ५०० थान सर्जिकल ग्लोभ खरिद गरेको छ । उक्त सामान जिन्सीमा समेत दाखिला नगरी सेवा प्रदायक संस्थालाई दिएको देखिन्छ । सेवाका आवश्यकता भन्दा वजेट सक्ने आधारमा सामान खरिद गरेको मितव्ययी देखिएन । आवश्यकताका आधारमा मात्र वजेट खर्च गर्नुपर्दछ ।	
६६.	**मू.अ.कर समायोजनः**मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सिआइयस नेट संचार (३०३५४७१८३) बाट डेस्कटप कम्प्युटर, प्रिन्टर लगायत सामान खरिद गरेकोमा अनलाइनमा उक्त फर्म २०७५ बैशाखबाट नन्फाइलर रहेको देखिएकोले सो विलमा भुक्तानी गरेको मूल्यअभिबृद्धि कर रु.११,५०४।- र प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ल्यापटप तथा प्रिन्टर खरिदमा भुक्तानी गरेको मूल्यअभिबृद्धि कर १५,०७८।- (२०७६।०३।३ विजक नं.२०१) समेत रु.२६,५८२।- को मूल्यअभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.-	२६५८२.००
६७.	**खोपकेन्द्र निर्माणः** स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५ को कृयाकलाप नं. १० मा सशर्त अनुदान शिर्षकबाट खोप केन्द्र निर्माणका लागि प्राप्त वजेटमा गाउँपालिकाको वजेट समेत थप गरी कम्तिमा एक कोठा भएको खोप केन्द्र भवन निर्माण गरी सो केन्द्रका लागि आवश्यक फर्निचर लगायत बस्ने स्थानको व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाको ४ नं. वडामा सो खोप केन्द्र निर्माण गर्नका लागि रु.३ लाख वजेट प्राप्त भएकोमा निर्माण उपभोक्ता समिति बनाई पेस्की उपलव्ध गराएकोमा भवन निर्माण नगरी भवनको जगमात्र तयार गरेको छ । मार्गदर्शनमा उल्लेख भए अनुसार गाउँपालिकाले थप लगानी समेत गरेको छैन । तोकिएको कार्य सम्पन्न गरी उपभोक्ताको पेस्की फरफारक गर्नुपर्ने रु.-	३०००००.००
६८.	**पेस्की व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) अनुसार पेश्की माग गर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र उपनियम ३ अनुसार समयमा बिल भरपाई पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्वास्थ्य तर्फको कार्यक्रम पेश्की लिंदा खर्चको लागत अनुमान सहित विवरण पेश नगरी स्वीकृत कार्यक्रममा उल्लेख भएको वजेट रकम एकैपटक पेश्की माग गर्ने, एकमुष्ट लिएको पेश्की पटक पटक गरी फछ्र्यौट गर्ने, फछ्र्यौट गर्दा खर्चको तेरिज नबनाई पेश गर्ने, सशर्त, समानिकरण तथा अन्य शिर्षकबाट समेत एकै प्रकृतिको कार्यक्रम स्वीकृत भएकोमा	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	एकमुष्ट पेश्की लिई कार्यक्रम संचालन गरेको नियम सम्मत देखिएन । तोकिएको कार्यक्रमका लागि आवश्यकताका आधारमा पेस्की लिई दोहोरो पेस्की नहुने गरी पेस्की व्यवस्थापनमा सुधार हुनुपर्दछ ।	
	राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम	
६९.	**परामर्श सेवा खरिद**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा परामर्श सेवाको खरिद गर्न कार्य क्षेत्रगत शर्त तयार गर्नपर्ने व्यवस्था छ । गाउँपालिकाले यसवर्ष सोलार खरिदका लागि रु.४ लाख ७२ हजार, सुधारिएको चुल्हो रु.६० हजार तथा व्यवस्थापन खर्च रु.२ लाख ५० हजार गरी कुल रु.७ लाख ८२ हजार खर्च गरेकोमा व्यवस्थापन खर्चबाट युनाइटेड रिसोर्श कम्पनी एण्ड कन्सल्टेन्सी प्रा.लि.लाई काबेली खोलाबाट लिफ्ट मार्फत सिंचाइ सुबिधा उपलव्ध गराउने तथा गाउँपालिकाको विभिन्न १० महत्वपूर्ण क्षेत्रमा सोलार प्यानल राख्ने कार्यको लागि अध्ययन गर्न परामर्श दाता नियुक्ति गरिएको छ । परामर्श दातालाई नियमको उक्त व्यवस्था बमोजिम कार्यक्षेत्रगत शर्त र संम्झौता वेगर कार्य अनुमति दिई सिधै कार्य सम्पन्न भएको छ । परमर्शदाताले गर्नुपर्ने कार्य, अध्ययन गर्नुपर्ने बिषय, तथ्याङ्क संकलन गर्ने तरिका, बिश्लेषणका आधार, भौगालिक क्षेत्रको अध्ययन, उपलव्ध जनशक्ति, समेट्नु पर्ने विषय लगायत विभिन्न कार्यको शर्त तयार गरेको छैन । काबेली खोलाबाट ३ स्टेपमा पानी तान्ने कार्यको लागि कुल रु.१,५९,३१,९५२।७१ र गोपेटार, जोरपोखरी, पञ्चमी लगायत विभिन्न १० स्थानमा ११५ थान सोलार बत्तीका लागि कुल रु.१,२९,८५,८००।- लागत लाग्ने गरी प्रतिवेदन पेश गरेको छ । सो प्रतिवेदन कार्यान्वयन गर्ने तर्फ गाँउपालिकाबाट यस वर्षको कार्यक्रममा कुनै योजना तय गरेको छैन । आवश्यकता अनुसार परामर्शदाता खटाई गरेको अध्ययनबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ आवश्यक व्यवस्था हुनुपर्दछ । अन्यथा परामर्शमा भएको खर्चको औचित्य देखिदैन ।	
७०.	**रकेट चुल्हो वितरणः** आर्थिक कार्यविधि नियमावलीको नियम ३६(३) अनुसार खर्च पुष्टिहुने प्रमाण कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष सुधारिएको चुल्हो कार्यक्रम अन्तर्गत बराह गोवर ग्यास तथा नबिकरणीय उर्जा प्रा.लि.बाट रकेट चुल्हो खरिद गरी रु.६० हजार खर्च गरेको छ । उक्त चुल्हो वडा नं.१, २ र ३ का २ जना, ५ र ७ का ३ जना, ४ र ६ का ४ जना गरी २० जनाको भरपाई संलग्न गरेको छ । उक्त चुल्हो वितरणका आधार, दिनुपर्ने अवस्था र कारण तथा छनौटको प्रक्रिया देखिने गरी प्रमाण संलग्न गरेको छैन । कार्यक्रम संचालन गर्दा सो खर्चलाई पारदर्शी एवं नतिजामुलक ढंगबाट खर्च गर्नुपर्दछ ।	
७१.	**बहुक्षेत्रीय पोषणः** पोषण कार्यक्रमलाई एकिृत रुपमा संचालन गर्न नेपाल सरकार र युनीसेफको तर्फबाट रु.१४ लाख ३ हजार तथा गाउँपालिकाबाट रु.९ लाख गरी रु.२३ लाख ३ हजारको कार्यक्रम स्वीकृत भएकोमा शत प्रतिशत रकम निकासा खर्च गरेको छ । कार्यक्रमका सन्दर्भमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः	
७१.१.	**कार्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा प्रत्येक कार्यालयले अनुसूची-२ अनुसार चौमासिक प्रतिवेदन तयार गर्नुपर्नेमा स्वीकृत कार्यक्रम अनुसार संचालित कार्यक्रमको भौतिक एवं वित्तिय प्रगति देखिने गरी लक्ष्य अनुरुप प्रतिवेदन तयार गरेको छैन । बहुक्षत्रीय पोषण कार्यक्रम तथा स्वास्थ्य तर्फको कार्यक्रम एकै प्रकृतिका रहेबाट कार्यक्रम स्वीकृत गर्ने कार्यमा पर्याप्त बिश्लेषण गरी आवश्यकता पहिचानको आधारमा गाउँपालिकाले कार्यक्रम तयारी गरेको मान्न सकिएन । गर्भवती तथा सुत्केरी महिला, बालबालिका तथा किशोरी लक्षित कार्यक्रम, शिघ्र पोषण सम्बन्धि कार्यक्रम, १००० दिने आमा सुरक्षा कार्यक्रम लगाएत कार्यक्रमहरु दोहोरो शिर्षकबाट संचालन गर्नेगरी तयार गरेको देखिन्छ । गाउँपालिकाले एकै प्रकृतिका कार्यक्रमहरु विभिन्न शिर्षकबाट संचालन गर्नाले कार्यक्रमको	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	आवश्यकता र संचालन आधार स्पष्ट नदेखिनुका साथै संचालित कार्यक्रमबाट भएको उपलब्धि प्रति आश्वस्त हुने आधार देखिएन । सो कार्यक्रमहरुको भौतिक तथा वित्तिय कार्यप्रगति तयार नगरेका कारण सञ्चालित कार्यक्रमको उपलव्धी देखिने गरी प्रगति बिश्लेषण गर्ने तथा उपलव्धीका आधारमा कार्यक्रम परिमार्जन गर्नुपर्दछ ।	
७१.२.	**कार्य संचालन नर्म्स:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट गरिने तालिम, सेमिनार, गोष्ठी आदि कार्यक्रम संचालन गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा अर्थ मन्त्रालयको लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाले यसवर्ष शिघ्र कुपोषण व्यवस्थापन तालिम, बालविकासका अभिभावकहरुलाई पोषण शिक्षा, १००० दिने आमाहरुलाई पोषण अभिमूखिकरण गोष्ठी, विभिन्न प्रकारका तालिम लगायत वितरण मुखि कार्यक्रमको समेत नर्म्स तयार गरेको छैन । निमायनुसार कार्यक्रममा तोकिएको नर्म्स अनुसार खर्च गर्नुपर्नेमा आवश्यकता अनुसार नभई उपलब्ध वजेट खर्च हुनेगरी आफुखुशी कार्यक्रमको ढाँचा तयार गरी सोही आधारमा खर्च गरेको देखिन्छ । कार्यक्रममा के के कृयाकलापहरु गरिने, सो कृयाकलाप कसरी संचालन गर्ने, कुन कृयाकलापमा कति सम्म खर्च गर्न सकिने कस्ता व्यक्तिहरुलाई संलग्न गराउने भन्ने नर्म्स तयार गरेको छैन । वजेट रकमले खाम्ने गरी खर्च योजना तयार गरी संचालन भएको कार्यक्रमबाट अन्य स्थानीय तहहरुले बहुक्षत्रीय पोषण कार्य लक्षित उद्धेश्य प्राप्त हुने अवस्था नदेखिएकोले कृयाकलापहरु अनुसारको नर्म्स स्वीकृत गरी सो आधारमा खर्च गर्नुपर्दछ । गाँउपालिकाले कार्यक्रम संचालन गर्दा नर्म्सको आधारमा नभई कार्यक्रम संचालनमा भएको खर्चको बिल भरपाईलाइ आधार मानेर प्राप्त वजेटलाई मिलान गर्ने गरी कार्यक्रम सम्पन्न गरी सो अनुसार खर्च गरेको देखिएकोले खर्च पद्धतिमा सुधार गर्नुपर्दछ ।	
७२.	**नुन वितरण कार्यक्रमः** आर्थिक कार्यविधि नियमावलीको नियम ३६(३) अनुसार खर्च पुष्टिहुने प्रमाण कागजात सहित लेखा राख्नुपर्नेमा गाँउपालिकाले सुनौला १००० दिने महिलाहरु मध्ये गर्भवती महिलाहरुलाई आयोडिनयुक्त नुन वितरण गर्नका लागि १६०० के.जी नुन खरिद गरी रु.५० हजार खर्च गरेको छ । प्रति के.जी.रु.२५ का दरले संजोग स्टोर, गोपेटारबाट खरिद गरिएको सामान ढुवाली गरी वितरणका लागि निम्न स्वास्थ्य संस्थामा ढुवानी गरेको जनाई रु.१०,०००।-ढुवानी भाडा खर्च लेखेको छ । सो ढुवानीमा भाडा कर असुल गरेको छैन । स्वास्थ्य संस्थालाई बुझाएको उक्त नुन वितरण गरेको भरपाई संलग्न गरेको छैन । यसवर्ष कुल १७४ जना सुत्करी भएकोमा १००० दिने आमाहरुको तथ्याङ्क एकिन नगरी १६०० के.जी. नुन वितरण गरेकोमा प्रति व्यक्ति कति कति पकेट नुन वितरण गर्ने कुनै नर्म्स देखिदैन । स्वास्थ्य संस्थाले सम्बन्धितलाई बुझाए नबुझाएको समेत यकिन नभएकोले खर्च पुष्टि हुने थप प्रमाण पेश गर्नुपर्ने रु.	५००००.००

सि.नं.	स्वास्थ्य संस्थाको नाम	पकेट	सि.नं	स्वास्थ्य संस्थाको नाम	पकेट
१	गोपोटार प्राथमिक स्वास्थ्य केन्द्र	४००	२	सिंहपुर स्वास्थ्य केन्द्र	२००
३	भारपा स्वास्थ्य केन्द्र	२००	४	पञ्चमी स्वास्थ्य इकाई	२००
५	राकचेपा स्वास्थ्य इकाई	२००	६	सुभाङ स्वास्थ्य केन्द्र	२००
७	अमरपुर स्वास्थ्य केन्द्र	२००			

७३.	**बुलेटीन छपाईः** सार्वजनिक निकायले खरिद गरेको सामानहरु दाखिला जनाएरमात्र खर्च लेख्नुपर्नेमा निरौला छापाखाना, फिदिमबाट ५०० थान स्वास्थ्य सम्बन्धि बुलेटीन छपाई गरेको	१००००.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	बिल संलग्न गरी रु.१० हजार खर्च लेखेकोमा कार्यालयमा दाखिला गरेको छैन । स्वास्थ्य संयोजकबाट छपाई गरी विभिन्न व्यत्तिलाई वितरण गरेको आधारमा खर्च लेखेको उक्त बुलेटीन विल अनुसार छपाई गरी वितरण भएको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु.-	
७४.	**खोप क्लिनिक सामानः** आर्थिक कार्यविधि नियमावलीको नियम ३६(३) अनुसार खर्च पुष्टिहुने प्रमाण कागजात सहित लेखा राख्नुपर्नेमा खोप ल्किनिक व्यवस्थापनका लागि हात धुने बाल्टीन, जग, धारा, साबुन, सावन ट्रे लगायत सामान खरिद गरी रु.६० हजार खर्च गरेकोमा खरिद भएका सामान ७ वटा स्वास्थ्य संस्थाका कार्यालय सहयोगीलाई बुझाई भरपाई गराएको छ । संलग्न बिल अनुसार रु.२ हजार (भ्याट बाहेक) का दरले ७ थान फिल्टर खरिद गरेकोमा सो फिल्टर जिन्सीमा नदेखिएको र सम्बधितलाई बुझाएको भरापाई समेत नभएकोले सामानको वास्तविक अवस्था खुल्ने प्रमाण पेश हुनुपर्ने रु.-	१५८२०.००
७५.	**सुत्केरी महिला ज्ञान कार्यक्रमः** सुत्केरी महिलाहरुलाई पोषण सम्बन्धी ज्ञान दिने उद्धेश्यले संचालित यस कार्यक्रमका लागि रु.१ लाख ५० हजार वजेट स्वीकृत भएकोमा ७ वटा वडामा १ दिने कार्यक्रम संचालन गरेको छ । कार्यक्रममा सहभागीहरुलाई रु.२००।- का दरले भत्ता उपलव्ध गराई संचालन गरेको उक्त कार्यक्रम संचालन सम्बन्धमा प्रचार प्रसार नभएकोले लक्षित वर्ग लाभान्वित हुने अवस्था देखिदैन । कार्यक्रममा कस्ता व्यक्ति सहभागी हुने, कतिजना सहजकर्ताले सहजीकरण गर्ने, कुन कुन विषयमा जानकारी गराउने, भत्ता, सहजीकरण लगायतका खर्चका आधार कुन नर्म्समा हुने कुनै यकिन गरेको छैन । प्राप्त वजेटलाई आधारलिई कुल २४५ जनालाई भत्ता वितरण सहित कार्यक्रम गरको नियमसम्मत देखिएन । प्रचार प्रसारमार्फत लक्षित वर्गलाई समेट्ने गरी प्रभावकारी कार्य संचालन गर्नुपर्दछ ।	
७६.	**च्याउ तथा तरकारी विउ वितरणः** गाउँपालिकाले यसवर्ष सुनौला १००० दिने आमाहरुलाई पोषणयुक्त खानेकुरा उत्पादन गर्ने उद्धेश्यले गर्भवती महिलाहरुलाई तरकारी किट वितरण रु.१ लाख ३ हजार तथा च्याउ खेति गर्नकालागि तालिम सहित बिउ बितरण गर्नका लागि २०६ वटा तरकारी किट र २००० किलो च्याउको बिउ खरिद गरी रु.१ लाख समेत रु.२ लाख ३ हजार खर्च गरेको छ । खरिद गरिएको किट तथा बिउको माग फारम भर्ने, खरिद आदेश लिने तथा दाखिला समेत नगरी वितरणका लागि वडाहरुमा पठाएको छ । वडा नं.४ र ५ लाई ३३ किटका दरले र बाँकी वडाहरुमा २८ किटका दरले २०६ जनालाई तरकारी किट बितरण गरेकामा च्याउको विउ प्रति वडा २८६ किलोको दरले निकासा पठाएको देखिन्छ । उक्त विउ वडाबाट ५७३ जनालाई वितरण गरेको छ । सुनौला १००० दिने आमाहरुलाई वितरण गर्नुपर्ने उक्त विउबिजन लक्षित वर्गलाई वितरण गर्नुपर्नेमा तरकारी किट र च्याउ वितरण संख्या भिडान हुने अवस्था छैन । लक्षित वर्गको संख्या समेत यकिन नगरी वितरण कार्यक्रम संचालन गरेको देखिन्छ । तालिम सहित वितरण गर्नुपर्ने च्याउको विउ सिधै उपलव्ध गराउदा सो विउको उपयोग अवस्था समेत प्रभावकारी देखिएन । लक्षित वर्गलाई बास्तबिक लाभ पुग्नेगरी कार्यक्रम कार्यन्वयन गर्नेतर्फ सुधार गर्नुपर्दछ ।	
७७.	**अभिभावक तालिमः** गाउँपालिका अन्तर्गत रहेको बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाका अभिभावकहरुलाई पोषण शिक्षा दिने उद्धेश्यले रु.४ लाख वजेट स्वीकृत गरी ३७ केन्द्रमा तालिम संचालन गरेको छ । प्रति सहभागी दुई सयका दरले यातायात भत्ता समेत वितराण गरी संचालन गरेको उक्त कार्यक्रममा विकास केन्द्रमा अध्ययनरत विद्यार्थीको	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	संख्या जम्मा रहेकोमा सहभागीको संख्या रहेको छ । अभिभावकलाई मात्र प्रदान गरिने गरी कार्यक्रम तय गरेता पनि विद्यार्थी अनुपातमा तालिममा सहभागीको संख्या अत्याधिक देखिन्छ । स्थानीयस्तरमा कार्यक्रम संचालन भएकोले सम्बन्धित स्थानीयको समेत सहभागीता बढेकोले सबैलाई संलग्न गरेको जवाफ कार्यक्रम संचालकबाट प्राप्त भएको छ । कार्यक्रम निर्माण गर्दा कार्यक्रमको आवश्यकताका आधारमा संलग्न गराउने व्यक्ति, कार्यक्रमको मोडालिटी, सहजीकरणका विषय, सहजकर्ता आदि यकिन गरेको छैन । कार्यक्रमले लक्षित गरेको बालबालिकाको कति अभिभावक समेटीए, के उपलव्धि प्राप्त भयो, कार्यक्रमको असर प्रभाव सम्बन्धी प्रतिवेदन तयार गरेको छैन । अभिभावक लक्षित उक्त कार्यक्रममा कुन कुन समुहका व्यक्ति संलग्न भएको थप व्यहोरा खुल्ने प्रमाण संलग्न गरेको छैन । आवश्यकता अनुसार लक्षित बर्गलाई संलग्न गराई तोकेको लक्ष्य प्राप्त गर्नेगरी कार्यक्रमको मोडालिटी तयार गरेरमात्र वजेट व्यवस्था गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।	
७८.	**वितरणमूखि कार्यक्रमः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(३) मा पालिकाहरुले कार्यक्रम बनाउँदा आर्थिक विकास तथा गरिवी निबारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । पोषण क्षमता सुधार गर्ने उद्धेश्यले सुत्करी महिलाहरुलाई हर्लिक्स तथा घ्यू वितरण गर्ने कार्यक्रम स्वीकृत गरी रु.३ लाख वजेट व्यवस्था गरेको छ । प्रति सुत्करी १.५ के.जी. घ्यू र १ के.जी. हर्लिक्स दिनेगरी स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका भित्र सुत्करीहुने महिलाहरुलाइ बच्चाको जन्म दर्ताको आधारमा वडा कार्यालयहरुबाट वितरण गरिएको छ । ढिलागरी स्वीकृत भएको कार्यक्रम अनुसार ९ महिना अगाडि सुत्करी भएको महिलाहरु समेतलाई उक्त सेवा उपलव्ध गरको छ । हर्लिक्स तथा घ्यू खरिद दर फरक रहेको, घ्यूको गुणस्तरमा एकरुपता नभएको, कति अवधिसम्मकालाई उक्त सेवा आवश्यक पर्ने, कति अवधिमा उपलव्ध गराउने, कुन माध्यमबाट खरिद गर्ने कुनै आधार तयार गरेको छैन । वडा सचिवबाट खरिद गरी वितरण गरेको हर्लिक्स तथा घ्यू खरिदमा एकरुपता नभएको, वडा नं.२ ले ३० जनालाई वितरण गरेकोमा ११ जनाको मात्र प्रमाण संलग्न गरेको, वडा नं.३ मा स्वस्थ्य संस्थामा ५१ जना सुत्करी भएकोमा ४८ जनालाई मात्र बितरण गरेको, गाउँपालिकाको स्वास्थ्य संस्थाबाहेक अन्यत्रबाट सुत्करी भई आएकालाई समेत घ्यू तथा हर्लिक्स वितरण गरेको अवस्था छ । कार्यक्रमबाट प्राप्त उपलब्धी मापन गर्ने मापदण्ड बेगर वितरणमुखि कार्यक्रममा खर्च गर्दा कार्यक्रमको प्रभावकारीता देखिएन । दीर्घकालिन असर पर्ने यस प्रकारको वितरणमूखि कार्यक्रममा नियन्त्रण हुनुपर्दछ ।	
७९.	**जिन्सी व्यवस्थापनः** आर्थिक कार्यबिधि नियमाबली,२०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाको यस वर्ष नियमको उक्त व्यवस्था बमोजिम निरीक्षण अनुगमन गरेको भएता पनि खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने, माग फारम भराई स्वीकृत गर्ने, जिन्सी शाखाबाट दाखिला प्रमाणित गर्ने लगायतका प्रक्रिया पुरा नगर्ने, खरिद भएका सामानहरुको बिलसाथ माग फारम, दाखिला प्रतिवेदन संलग्न नगरी छुट्टै राख्ने गरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएकोछ । गाँउपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुऱ्याई नियमाबलीको पालनामा ध्यान	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

दिनुपर्दछ ।

<u>वडा चालु खर्च तर्फ</u>

८०. चालु वडा खर्च गाउँसभावाट पारित गराई प्रत्येक वडाहरुलाई वार्षिक निम्नानुसारको निकासा भएको पाइयो । खर्चहरु जस्तैः वडा कार्यालय संचालन वापत रु.९९,९००, इन्धन वापत रु.७२०००।-, विविध वापत रु.६९,९००।-, कार्यालय मर्मत वापत रु.२४,९९०।-, संचार वापत (वडा सचिव) लाई रु.१२,०००।- र दैनिक भ्रमण भत्ता वापत रु.१,५०,०००।-, वडा सभा सञ्चालन वापत रु.२५,०००।- वार्षिक एकमुष्टका दरले र जन्म दर्ता वापत प्रति व्यक्ति रु.१,५००।- र मृत्यु दर्ता वापत प्रति रु.१,०००।- का दरले संख्याको आधारमा छुट्टै खर्च व्यहोर्ने गरी वजेट निकासा भएकोमा निम्नानुसारका वडाहरुले छुट्याइएको वार्षिक रकम भन्दा वढीको भरपाई तयार गरी वढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु- ५६२०४.००

वडा नं.	विल भरपाई अनुसार वार्षिक एक वडाले पाउने पारित रकम	प्रोत्साहन खर्च		खर्च भएको रकम	कार्यालयवाट भुक्तानी भएको	वढी भुक्तानी रकम	कैफियत
		जन्म दर्ता वापतको रकम	मृत्यु दर्ता वापतको रकम				
१	४५३७९०.००	२८५००.००	८०००.००	४९०२९०.००	४९१४२३.००	११३३.००	
२	४५३७९०.००	४६५००.००	२०००.००	५०२२९०.००	५१२२६०.००	९९७०.००	
३	४५३७९०.००	७८०००.००	६०००.००	५३७७९०.००	५५०३६०.००	१२५७०.००	मृत्यु संख्या वढी देखाएको
४	४५३७९०.००	२४०००.००	७०००.००	४८४७९०.००	४८४७९०.००	०	
५	४५३७९०.००	५७०००.००	२५०००.००	५२५२९०.००	५३३९९१.००	८७०१.००	
७	४५३७९०.००	४६५००.००	१७०००.००	५१७२९०.००	५४११२०.००	२३८३०.००	
						५६२०४.००	

<u>समानीकरण चालु (कृषि तर्फ)</u>

८१. **कृषक पाठशालाः** २-२०७६।३।३१ वाट कार्यालयले कृषि संकलन तथा विक्री केन्द्र सहकारी संस्थालाई IPM कृषकपाठशाला संचालन गर्न रु.१,००,०००।- मा सम्झौता गरी रकम निकासा गरेकोमा प्रशिक्षण र सहप्रशिक्षण समेतको भत्ता भुक्तानीमा पारिश्रमिक कर वापत कट्टी गरी देखाएको रु.३,३६०।- तथा अग्रिम कर वापतको रु.१,१२५।- समेत रु.४,४७५।- दाखिला गरी भौचर संलग्न नरहेको रु- ४४७५.००

८१.१. कृषक पाठशाला संचालन गर्न २०७५।१२।४ मा सहकारीसंग सम्झौता भएकोमा सहकारीले कृषकको हाजिरी मिति र दिन नखुलाई वडा नं. १ मा २८ जनाको मात्र हाजिरी पेश गरेको र कृषकको लागि खाजा खर्च वापत निम्नानुसारका अवधिमा निम्नानुसारको खाजा खर्च दावी गरी लिएको पाइयोः

२०७५/१२/५	३०००.००	५० जनाको लागि	हाजिरी उपस्थिति नरहेको
२०७५/१२/५	११०००.००	१०० जनाको लागि	हाजिरी उपस्थिति नरहेको
२०७६/३/२९	२८०००.००	३५० जनाको लागि	हाजिरी उपस्थिति नरहेको
२०७५/१२/६	७०००.००	मल, विउ, टोवी मेशिन विषादी	वुझाएको भरपाई नरहेको

सम्झौतामा कृषक पाठशाला नर्म्स अनुसार कार्य नगरे भुक्तानी नदिने गरी व्यवस्था भएकोमा सहभागीको हाजिरी उपस्थिती समेत समावेश नगरी नर्म्स भन्दा वढी र फरक दरमा भुक्तानी दिएकोले पाउने भन्दा वढी खर्च एकिन गरी असुल गर्नुपर्ने रु- १०००००.००

८२. १-२०७५।६।२२ वाट प्रदेश सरकार योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७५ को नियम ७ वमोजिम कार्यक्रम संचालन र कार्यान्वयन गर्दा तोकिए वमोजिम सहकारी

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	संस्थासंग सम्झौता गरी गर्न सकिने व्यवस्था छ । लागत सहभागितामा कार्यक्रम संचालन गर्ने संस्थाले मेशिन औजार खरिद गर्दा स्वीकृत स्पेसिफिकेशन सहितको विवरण पेश गर्नुपर्ने र सम्बन्धित निकायले स्वीकृत गरेपछि मात्र सम्झौता र कार्यक्रम लागू हुने व्यवस्था छ । आागेजुङ्ग चिया सहकारी संस्थालाई मेशिन खरिदमात्र उल्लेख गरी यो वर्ष रु.१०,००,०००।- भुक्तानी दिएकोमा उक्त सहकारी संस्थासंग गाउँपालिकाले लागत सहभागिता सम्बन्धी सम्झौता गरेको पाइएन । मेशिनको स्पेसिफिकेशन र लागत अनुमान समेत स्वीकृत गरेको देखिएन । वडा नं. ३ को च.नं.१३५ मिति २०७५।६।२२ को पत्रवाट मेशिन जडान भएको भन्ने अनुगमन प्रतिवेदन मात्र पेश गरी सहकारीसंस्थालाई रकम भुक्तानी गरेकोमा संस्थाले मेशिन खरिद गरेको विल लगायत सामान जडान भएको अन्य प्रमाण वेगर भुक्तानी भएको रकम रु.१०,००,०००।- गाउँपालिकाले व्यहोर्नुपर्ने सहितको लागत अनुमान, स्पेसिफिकशेन स्वीकृत नगरी भुक्तानी भएको खर्च सम्बन्धमा एकिन गर्न सकिएन रु-	१०००००० .००
८३.	गाउँपालिकावाट संचालन हुने कार्यक्रमहरु तोकिएको चौमासिकगत आधारवाट खर्चको नर्म्सको आधारमा स्वीकृत गरी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले यस कार्यक्रमवाट मौरीघार वितरण गर्ने कार्यमा रु.३,१५,०००।- खर्च भएकोमा उक्त कार्य संचालन गर्नु अघि कार्यक्रम संचालनमा लाग्ने सवै खर्चको आइटम वनाई स्वीकृत गरेको पाइएन । तर यो वर्ष पूर्वान्चल मौरीपालन उद्योगसंग २०७५।१०।१५ सम्ममा ३५ गोटा मौरी घार उपलव्ध गराउने सम्झौताको आधारमा ८० प्रतिशत अनुदान सहितको मौरी घार कृषकलाई वितरण गर्ने कार्यक्रमम देखाई खर्च गरेकोमा खरिद गरी ल्याएको मौरी घारहरु ३५ जनालाई भरपाईको आधारमा वुझाई खर्च गरेको पाइयो । मौरीघार उपलव्ध गराइएका कृषकहरुले मौरीपालन सम्बन्धी तालिम प्राप्त गरे नगरेको, २० प्रतिशत रकम अग्रिम रुपमा जम्मा गरे नगरेको र अनुमानित लागत मूल्य समेत स्वीकृत नगराई दरभाउपत्र मात्र लिई खरिद गरी भरपाईको आधारमा वुझाएको खर्चको एकिन गर्न सकिने अवस्था देखिएन । कार्यक्रम संचालन गर्दा स्वीकृत नर्म्सको आधारमा मात्र खर्च गर्नुपर्दछ ।	
८४.	७-२०७६।१।११ वाट कार्यालयले कृषि तालिम (च्याउ खेती) संचालन गरी रु.६६,०००।- खर्च गरेकोमा तालिममा सहभागिहरुलाई च्याउको विउ वितरण समेतको भरपाई र इन्धन समेतको खर्च समावेश गरी खर्च गरेकोमा सो कार्यक्रममा च्याउको विउ खरिद गरे वापत रु.२५,०००।- को विल स्रेस्तासाथ समावेश रहेको देखिएन । खरिद वेगर वितरणको भरपाईमा च्याउको विउ समेत देखाएकोले पेश गरेको फांटवारीवाट वास्तविक खर्च एकिन गर्न सकिएन रु-	२५००० .००
८५.	८-२०७६।३।३० वाट वडा नं. १, २, ३ र ६ प्लान्ट क्लिनिक संचालन गरेको उल्लेख गरी घनश्याम गेलाललाई रु.१,००,०००।- भुक्तानी गरेकोमा प्लान्ट क्लिनिक संचालन संख्या, स्थान र अवधी खुलेको सो क्लिनिकमा ल्याइएका प्लान्ट र उपचार गरिएको रोग खुलेको विवरण सहितको प्रतिवेदन पेश नभएकोले खर्च एकिन गर्न नसकिएको रु-	१००००० .००
८६.	**कार्यक्रम संचालन वितरणको स्थितिः** ३६-२०७६।३।३० वाट विषयगत शाखाहरुवाट संचालन गरिने कार्यक्रमहरु स्वीकृत आधार र वजेटको सिमा भित्र रही संचालन गर्नुपर्ने व्यवस्था छ । ना.प्रा.स सरोज फुयालले संचालन गरेको मकैको विउ वितरण कार्यक्रममा कृषकलाई वितरण गर्न २५०० के.जी मकैको विउ खरिद गरिएको छ । तर वितरण गरिएको भरपाई अनुसार सूर्योदय कृषि सहकारी संस्था हिलिहाङ्ग ७ लाई १०० के.जी एकैपटक उपलव्ध गराई खरिद गरिएको सवै विउको वितरण भरपाई रहेको छ । सहकारी संस्थाले वुझि लिएको उक्त विउ	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	आफ्ना समूहका सदस्यहरुलाई वितरण गरेको भरपाई समेत पेश नभएको र मकैको विउ कार्यक्रमको लागि २,००,०००।- मात्र वजेट विनियोजन भएकोमा रु.२,४०,०००।- खर्च गरेको देखिएकोले कार्यक्रम भन्दा वढी खर्च लेखेको र सहकारी संस्थाले वुझि लिएको मकैको विउ वितरणको भरपाई समेत नरहेको रु-	२४००००.००
८७.	कार्यालयवाट कार्यक्रम संचालन गर्न विभिन्न कर्मचारीलाई पेश्की दिई पठाएकोमा कार्यक्रम सम्पन्न गरी फांटवारी पेश गर्दा अग्रिमकर कट्टा देखाएको रकम स्रेस्ता फांटवारीसाथ संलग्न रहेको पाइएन । यो वर्ष कृषि कार्यक्रम तर्फको विभिन्न भौ.नं.र मितिवाट २०७६।३।२५ देखि २०७६।३।३० सम्म विभिन्न व्यक्तिको पेश्की फछ्र्यौटको फांटवारी परिक्षण गर्दा रु.१७,८४८।- अग्रिम कर दाखिलाको भौचर पेश नभएको रु-	१७८४८.००
	महिला विकास शाखा तर्फ	
८८.	१३-२०७६।३।२२, १२-२०७६।३।१० वाट निम्नानुसारका कार्यक्रमहरु देहायको अवधिमा संचालन गरे वापत रु.४,९५,०००।- खर्च लेखेकोमा उक्त कार्यक्रम सम्पन्न पश्चात भए गरेका खर्च र उपलव्धी समेत समेटी प्रतिवेदन लिने गरेको पाइएन ।	

संचालन अवधी	कार्यक्रमको नाम	भुक्तानी रकम
२०७६।२।३१ देखि २०७६।३।१	सहकारी नियमन तथा प्रवन्धन तथा प्रशिक्षण	१०३७५५.००
२०७६।३।३ देखि २०७६।३।५	सहकारी नियमन तथा प्रवन्धन तथा प्रशिक्षण	२०१७५५.००
२०७६।३।३ देखि २०७६।३।५	सहकारी नियमन तथा प्रवन्धन तथा प्रशिक्षण	१९२०२०.००
१२-२०७६।३।१० **महिला वालवालिका माथीको हिंसा विरुद्धको अभियान (संयोजक तुलसी थापा)**		३५००००.००

	उपरोक्तानुसारका कार्यक्रमहरुको कार्य सम्पन्न पश्चातको प्रतिवेदन तयार नगरेको र अग्रिमकर वापत कट्टा गरी दाखिला गर्नुपर्ने क्रमशः रकम रु.३१,०८०।- र रु.१३,३५०।- सम्बन्धित राजश्व खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु-	४४४३०.००
८९.	१९-२०७६।३।३१ वाट कृषकहरुलाई पशुपंछी वितरण सम्बन्धी कार्यक्रम संचालन गर्दा तोकिएको स्रोत वा खरिद गरिएका पशुपंछिको स्वास्थ्य जांच समेतको प्रमाण लिई स्वस्थ्य पशु मात्र खरिद गरी वितरण गर्नुपर्ने व्यवस्था छ । वडा नं. ७ का वडा सचिव वेद प्रसाद मिश्रले लिएको पेश्की रु.५५,०००।- वाट २० गोटा सुंगुरको पाठा खरिद गरी कृषकलाई वितरण गरेको भरपाईको आधारमा पेश्की फछ्र्यौट गरेकोमा खरिद गरिएका सुगुरपाठाहरुको स्वास्थ्य जांच गरेको प्रतिवेदन पेश नगरेको खर्च रु-	५५०००.००
९०.	९-२०७६।३।२२ वाट गाउँसभावाट स्वीकृत कार्यक्रम र वजेट गैह्र सहकारी संस्था मार्फत संचालन गरी खर्च गर्नु परेमा सम्बन्धित गैर सरकारी संस्थासंग कार्यक्रम संचालनको पूर्ण विवरण र खर्च सहितको सम्झौता गरी संचालन गर्नुपर्नेमा यसवर्ष आदिवासी जनजाती भाष प्रवर्धन कार्यक्रम र सांस्कृतिक नृत्य कार्यक्रम संचालन गरी रु.८,००,०००।- खर्च गरेकोमा कार्यक्रम संचालन सम्बन्धी सम्झौता गरेको पाइएन । कार्यक्रम संचालन गर्नु अगावै सम्झौता गरेर मात्र रकम निकासा दिई खर्च गर्नुपर्दछ ।	
९०.१.	९-२०७६।३।२२ वाट यस कार्यक्रमवाट आदिवासी जनजाती भाषा प्रवर्धन कार्यक्रम र सांस्कृतिक नृत्य सहितको कार्यक्रम संचालन गर्न नेपाल आदिवासी जनजाती महासघं गाउँ समन्वय परिषद् मार्फत कार्यक्रम संचालन गरी खर्च गरेकोमा विभिन्न मातृ भाषका पुस्तक	२५०००.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	समेत खरिद गरी रु.२५,०००।- भुक्तानी गरेकोमा खरिद गरिएका पुस्तकहरुको दाखिला र वुभ्फाइएको स्थान वा संस्था खुलेको विवरण समावेश नभएकोले पुस्तक दाखिलाको प्रमाण पेश हुनुपर्ने रु-	
९१.	करारमा नियुक्त भएका इन्जिनियर र सव इन्जिनियरहरुलाई दैनिक भ्रमण भत्ता दिने र फिल्ड भत्ता नदिने सम्फौता भएकोमा इन्जिनियर उगेनमणी लिम्वुलाई मासिक रु.६,०००।- का दरले मंसिर, पौष र माघ महिनामा फिल्ड भत्ता भुक्तानी गरेकोले सम्फौताको शर्त भन्दा फरक गरी फिल्ड भत्ता भुक्तानी वढी रकम असुल गर्नुपर्ने रु-	१८०००.००
९२.	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ वमोजिम गाउंपालिकाले आफ्नो कार्य वोभ्फ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई समेत ध्यानमा राखी संगठन संरचना कायम गर्नु पर्ने र संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवशयक पर्ने तथा सेवा करारमा लिइने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेकोमा गाउंपालिकाले संगठन संरचना एवं दरवन्दी प्रस्ताव गरेको देखिएन ।	
९३.	**प्रोत्साहन भत्ताः** ८२-२०७६।३।३१ वाट गाउंपालिकाको स्वीकृत दरवन्दी भित्र कार्यरत निजामती तथा अन्य कर्मचारीहरुको सेवा शर्त ऐन नियमले तोके वमोजिम पाउने व्यवस्था छ । गाउंपालिकाको मिति २०७४।८।२९ मा वसेको वैठकले निर्धारण गरेको कर्मचारी प्रोत्साहन मापदण्ड पारित गरी कर्मचारीहरुलाई ५० प्रतिशत प्रोत्साहन भत्ता गाउंपालिकाका कर्मचारी र वडा सचिवहरु समेत ११ कर्मचारीलाई वर्ष भरिनै रु.९,०७,५१०।- प्रोत्साहत भत्ता वितरण गरेको पाइयो । ऐन नियम अनुसार नियुक्ति भई कार्य गर्ने गरी नियुक्ति पाएका कर्मचारीहरुलाई कार्यविधि स्वीकृत गरी प्रोत्साहन भत्तामा खर्च गरेको देखिएको छ ।	
९४.	इन्जिनियर र सव इन्जिनियरहरुको पदपूर्ति समितिको वैठक २०७५।५।३१, असोज १ र ४ गते वसेको वैठक भत्ता लेखि सकेको देखिएकोमा पुन असोज ४ गते विहान समेत वैठक वसेको उल्लेख गरी थप खर्च गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु- प्र.प्र.अ. प्रविन दाहाल रु- १,५००।- विषयगत विज्ञ प्रेम वहादुर काफ्ले १,५००।- ख. देवेन्द्र कटुवाल १,५००।- अध्यक्ष भुवानी प्रसाद लिङदेन १,५००।- लेखापाल सुवास भट्टराई १,५००।- ७,५००।-	६३७५.००
	आम्दानी तर्फ	
९५.	**रसिद नियन्त्रण खाताः** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम कार्यालयमा राखिने स्रेस्ता महालेखा परीक्षकको कार्यालयवाट स्वीकृत ढांचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न शिफारिस तथा अन्य कामको लागि सेवाग्राहीवाट नगद रकम वुभ्फि लिन नगदी रसिदको प्रयोग गर्ने गरेको छ । प्रेशवाट छपाई वा खरिद गरी ल्याईएका यस्ता नगदी रसिदहरुको रसिद नियन्त्रण खाता खडा गरी राखेको पाइएन । लेखापरीक्षणको क्रममा नगदी रसिदहरुको परिक्षण गर्दा गतवर्षको जिम्मेवारी, चालु वर्षको छपाई वा खरिदको आम्दानी तथा निकासी गरिएको विवरण खुल्ने अभिलेख राखेको पाइएन । साथै राजश्व	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.
	संकलनमा प्रयोग भएका रसिदहरुको नमूना परिक्षण गर्दा रसिद नम्वरहरु दोहोरो नम्वर समेतका प्याडहरु प्रयोग गरिएको र आर्थिक वर्षको अन्त्यमा खर्च नभै बांकी रहेका रसिद प्याडहरुको अवस्थाको वारेमा समेत एकिन गर्न सकिएन । अतः रसिद नियन्त्रण खाता खडा गरी सिलसिलेवार नम्वर सहितका रसिद मात्र प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्दछ ।	
९६.	कार्यालयले राजश्व आम्दानी गर्दा स्वीकृत गरिएका शिर्षक र वर्गिकरण अनुसार आम्दानी जनाएर मात्र आर्थिक विवरण तयार गर्नुपर्नेमा यो वर्षको सम्बन्धित केही वडाका सचिवहरुले रसिदवाट संकलन गरेको राजश्वलाई मालपोत, शिफारिस र जरिवाना मात्र उल्लेख गरी राजश्व आम्दानीको जम्मा गर्ने गरेको पाइयो ।	
९७.	गाउँपालिकाको वडा नं. २ वाट उठाइएको राजश्वको लेखापरीक्षणलाई प्राप्त विवरणको लिष्ट अनुसार ४,२९,८३१।- आम्दानी देखाइएकोमा रु.४,२३,३२८।- को मात्र वैंक दाखिलाको भौचर पेश हुन आएकोले बांकी रकम रु.६,५०५।- वैंक दाखिलाको प्रमाण पेश नभएमा असुल हुनुपर्ने रु-	६५०५.००
९८.	गाउंपालिकाको वडा नं. २ वाट फागुन महिनामा शिफारिस र मालपोत वापत उठाइएको राजश्व रकम रु.४६,८००।- वैंक दाखिला रु.४२,१६२।- देखिएकोले बांकी रकम रु.४,६३८।- वैंक दाखिलाको प्रमाण पेश नभएमा असुल हुनुपर्ने रु-	४६३८.००
९९.	गाउँपालिकाको वडा नं. ३ वाट राजश्व वापत र.नं.३३५१ वाट रु.१,०००।- र ३३५२ वाट रु.१,५००।- समेत रु.२,५००।- आम्दानी गरेकोमा वैंक दाखिलाको प्रमाण पेश नभएमा असुल हुनुपर्ने रु-	२५००.००
१००.	आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम आफ्नो जिम्मा रहेको सरकारी राजश्व रकम सोही दिन वा भोलिपल्ट वैंक दाखिला गर्नुपर्ने र सो अनुसार गर्न नसक्ने भएमा कार्यालय प्रमुखले तोकिदिएको अवधि भित्र वैंक दाखिला गरी सक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वडा सचिवहरुलाई राजश्व संकलनको लागि पठाएको रसिदवाट संकलन गरिएको रकम सोही दिन वा भोलिपल्ट वैंक दाखिला नगरी लामो समयपछि मात्र वैंक दाखिला गरेको सम्बन्धमा औंल्याउंदा वैंक टाढा रहेको कारणले मात्र ढिला हुन गएको भन्ने प्रतिक्रिया प्राप्त भएको छ । नमूना परिक्षणवाट यस वर्षको वडा नं.३ को कूल आम्दानी रु.३,१२,११२।- लाई एकैपटक २०७६।३।३१ मा मात्र सिभिल वैंक, गोपिटारमा (वडा कार्यालय रहेको स्थान) जम्मा गरेको देखियो । सरकारी रकम लामो अवधीसम्म राखीएकोमा कार्यालय प्रमुखको पूर्व स्वीकृती वेगर नियमको व्यवस्था विपरित रकम राख्ने कार्यमा नियन्त्रण गरी यथा समयमा रकम वैंक जम्मा हुने व्यवस्था गर्नुपर्दछ ।	
१०१.	**धरौटी तर्फः** आर्थिक कार्यविधि नियमावली, २०६४ ले आफ्नो कार्यालयमा प्राप्त भएको जुनसुकै प्रकारको धरौटीलाई आम्दानी गरी व्यक्तिगत धरौटी विवरण सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षणलाई पेश गरेको आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी नदेखिएको र चालु वर्षको धरौटी रकम समेत वैंक स्टेटमेन्टको आधारमा रु.५,८४,७०५।- आम्दानी देखाएको छ । साथै लेखापरीक्षणलाई चालु वर्षमा देखाएको आम्दानी रकमको समेत कार्यालयमा वैंक दाखिला भौचर प्राप्त गरी गोश्वरा भौचरवाट आम्दानी गरी अभिलेख राखेको पाइएन । अतः कार्यालयमा धरौटी वापत प्राप्त रकमलाई वैंक दाखिला भौचर र स्रेस्ता अद्यावधिक गरी बांकी धरौटीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।	
१०२.	आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम कार्यालयमा जम्मा भएको धरौटीको कारोवार	

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

गर्दा गाउँपालिकालाईलाई प्राप्त धरौटी रकमको व्यक्तिगत धरौटी खाता नाम नामेसी सहितको खडा गरी जिम्मेवारी, आम्दानी र बांकी समेतको हिसाव तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको धरौटी कारोवारको परीक्षण गर्दा सो अनुसारको विवरण राखेको नपाइएकोले गतको मौज्दात, चालुको आम्दानी र बांकी धरौटी मौज्दात रकम सम्बन्धमा उल्लेख गर्न सकिएन । नियममा तोकिएको व्यवस्था वमोजिम धरौटी कारोवारको स्रेस्ता खडा गर्नुपर्दछ ।

जिन्सी व्यवस्थापन

१०३. गाउंपालिकाले वडाहरुलाई समेत पूंजीगत वजेट दिई वडाहरुले फर्निचर, मेशिनरी औजार लगायतका सामान खरिद गरी खर्च गर्ने गरेको पाइयो । खरिद गरिएका यस्ता मालसामान नमूना परिक्षण गर्दा केही वडालाई निकासा दिएको वजेटवाट खरिद गरिएका खर्च भएर नजाने जिन्सी मालसामानलाई (प्रिन्टर आदी खप्ने मालसामानहरु) आफ्नै जिन्सी खातामा आम्दानी जनाउने गरेको भनाई छलफलको क्रममा जानकारी दिएको छ । अतः यस्ता खरिद गरिएका सामाग्रीहरु गाउंपालिकाको मूल जिन्सी खातामा आम्दानी वांधी सहायक जिन्सी खातामा जनाई सम्बन्धित वडामा पठाउने व्यवस्था हुनुपर्दछ ।

१०४. **आन्तरिक लेखापरीक्षणको मूल्यांकनः** गाउंपालिकाले आफ्नो आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षणवाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण गराउनु अगावै सुधार गरी स्रेस्ता अद्यावधिक गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले लेखापरीक्षण समक्ष उपलव्ध गराएको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका निम्न वेरुजूहरु अन्तिम लेखापरीक्षणसम्म असुल फछ्र्यौट र नियमित नभएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।

समानिकरण अनुदान तर्फ

१०५. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार वस्तु तथा सेवा खरिद गर्दा मू.अ.करमा दर्ता भएका, समान प्रकेतिका सूचिकृत सेवा प्रदायकहरुवाट कम्तिमा ३ वटा दरभाउपत्र लिई लागत अनुमान तयार गरेर घटिवालासंग एक आर्थिक वर्षमा रु.५ लाखमा नवढ्ने गरी सोझै खरिद गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले निम्न अनुसार विभिन्न भौ.नंर मितिवाट कार्यालय सामान, ऐन नियमका पुस्तक, फर्निचर तथा मेशिनरी सामान खरिद र सवारी साधन मर्मत तथा भाडामा लिंदा उपयुक्त कार्यविधि अपनाएको नदेखिएको साथै निम्न अनुसारको भुक्तानीमा थप १३ प्रतिशत मू.अ.कर समेत भुक्तानी भएकोमा आन्तरिक राजश्व कार्यालय तथा करदाता सेवा कार्यालयलाई जानकारी नदिएको ।

भौ.नं.मिति	सप्लायर्सको नाम	भुक्तानी रकम	मू.अ.कर रकम	कैफियत
२-२०७५।६।२१	मारुती स्टोर्स फिदिम १	४,८७,०८५।-	५६,०३६।-	करदाता सेवा कार्यालय पांचथर
१०-२०७५।६।२१	फिदिम ट्रेड एण्ड सप्लायर्स फिदिम १	१,१९,९४३।-	१३,७९८।७५	,, ,,
२०७५।११।२८	मारुती स्टोर्स फिदिम १	१,१९,९४३।-	२६६३७.००	,, ,,

१०५.१. निम्न भौ.नं.मितिवाट सवारी साधन मर्मत गराई खर्च गरेकोमा मर्मत गर्नु मर्मत आदेश स्वीकृत गराएर मात्र गराउनु पर्ने र फेरिएको सामान दाखिला गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएको रु- २३३८५०.००

भौ.नं.मिति	विवरण	रकम
३६-२०७५।११।१९	सवारी साधन मर्मत	११५४०५.००

दफा नं.	लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु	बेरुजू रकम रु.

४६-२०७५।१२।४	मे.१.झ नं. को सवारी साधन मर्मत	८४३३५.००
५०-२०७५।१२।७	विभिन्न मोटरसाईकल मर्मत	३४११०.००
	जम्मा:	२३३८५०.००

१०५.२. गाउंपालिकाले निम्नानुसार प्रहरी कार्यालयहरुलाई विभिन्न फर्निचर र मालसामान खरिद गरी खर्च गरेकोमा खरिद गरिएका फर्निचर तथा अन्य सामान सम्बन्धित प्रहरी चौकीहरुले आम्दानी वांधी हस्तान्तरण फाराम पठाएको नदेखिएकोले सम्बन्धीत कार्यालयमा आम्दानी वांधेको प्रमाण पेश हुनुपर्ने रु- ७८००.००

भौ.नं मिति	प्रहरी कार्यालयको नाम	भुक्तानी रकम
११-२०७५।६।२२	इलाका प्रहरी कार्यालय अमरपुर	७८००.००
११-२०७५।६।२२	इलाका प्रहरी कार्यालय अमरपुर	३३०००.००
३५-२०७५।११।१९	अस्थायी प्रहरी चौकि सिंहपुर	३००००.००

१०६. **अनुगमन मूल्यांकन:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले वेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएकोक छ ।

गत वर्षको वेरुजू रकम (A)	यो वर्षको फछ्र्यौट (B)	बांकी(C=A-B)
५६११०००.००	३९४९३२८.००	१६६१६७२.००

१०७. **अद्यावधिक वेरुजू स्थिति:** गाउंपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्यौट गर्न बांकी वेरुजूको स्थिति देहाय अनुसार रहेको छ ।

गतवर्षसम्मको फछ्र्योट गर्न बांकी रु.(C)	यो वर्षको सं.प.वाट कायम भएको वेरुजू (D)	यो वर्षको कायम वेरुजू रु. (E)	बांकी (F=C+D+E)
१६६१६७२.००	०	२९५६४२९३.७०	३१२२५९६५.७०

अनुसूची १

स्थानीयतह सञ्चित कोष विवरण

२०७५।७६

(रु.हजारमा)

क.सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१±५—९)
१	हिलिहाङ्ग गाउंपालिका	पांचथर	२७७६०	९१०००	२६३७३१	६४३२	३६११६३	२५४२६९	११४६१७	०	३६८८८६	२००३७

हिलिहांङ्ग गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

अनुसूची १

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	पांचथर	हिलिहाङ्ग गाउंपालिका	३४	७५	३०७३९	३	५	११७५	३१	७०	२९५६४	२६२०	६५२२	१९९२२	०	०	२६४४४	०	५००	५००

हिलिहाङ्गगाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

अनुसूची ३

अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

क. सं.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाकी	यो वर्षको फछ्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाकी वेरुजू
१	हिलिहाङ्ग गाउंपालिका	पांचथर	५६११	३९४९	१६६२	०	२९५६४	३१२२६